# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माहाकाली नगरपालिका

## दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माहाकाली नगरपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## माहाकाली नगरपालिका

## दार्चुला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५४१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
माहाकाली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले माहाकाली नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ६९ लाख ५५ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ६३ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४६ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ३८ लाख २० हजार, नियमित गर्नुपर्ने रु. ५५ लाख ९ हजार र पेश्की रू. २९ लाख ४९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १४ करोड ७ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १५ करोड ९९ लाख ७१ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

माहाकाली नगरपालिका, दार्चुला

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७१ | ५६ | ३६९५५ | ० | २ | ६३ | ७१ | ५४ | ३६८९१ | ४६१२ | ५५०९ | २३८२० | ० | ० | २९३२९ | २९४९ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण (रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | ४२.२ | लघु उद्यम विकास कार्यक्रम लागत सहभागिता बढी भएको | ६३ |
| **जम्मा** | | | **६३** |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| माहाकाली नगरपालिका, दार्चुला | १४०७२६ | ० | १७६४६ | १२३०८० | ० | ३६८९१ | १५९९७१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माहाकाली नगरपालिका, दार्चुला

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | नर बहादुर ठगुन्ना | २०७९-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विजय भूर्तेल | २०७७-१२-१२ | २०७८-९-११ |
| लेखा प्रमुख | गोकर्ण बहादुर पाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३६,८९१,६६१.२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,२४,०५,६५४.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९,३५,८६,००० | **चालु खर्च** | ३७,४४,१३,३६६.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४४,६४,००० | **पूँजीगत खर्च** | १५,०६,१५,४५८.२३ |
| **राजश्व बाँडफाँट** | ७,१०,६६,१०८.७७ | **वित्तीय/अन्य व्यवस्था** | १४,५२,३८,३१६.७ |
| **आन्तरिक आय** | ७४,८७,५१० | | |
| **अन्य आय** | ८,४५,५२,६४२ | | |
| **कुल आय** | ६८,११,५६,२६०.७७ | **कुल खर्च** | ६७,०२,६७,१४१.२८ |
| **बाँकी मौज्दात** | | ५,३४,९४,७७४.७४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १३५.११ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार २३१ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९। ०५ ।२९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तिय विवरण
<table>
<tr><td colspan="6">वित्तीय प्रतिवेदन</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>६३,१३,३७,०९५.९५</td><td>५६,८०,७०,१८१.०७</td><td></td><td>५६,८०,७०,१८१.०७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६१,२३,५७,७८३.९५ | ५३,७५,७२,९९२.०७ | ० | ५३,७५,७२,९९२.०७ | |
| | | | ११००० कर | ११ | ७,८७,२५,००० | ७,३०,९४,१८८.८२ | ० | ७,३०,९४,१८८.८२ | |
| | | | १३००० अनुदान | | ५२,३२,५०,००० | ४५,९०,१९,३७३.३० | ० | ४५,९०,१९,३७३.३० | |
| | | | संघीय सरकार | १२ | ४९,८७,८६,००० | ४४,१२,४२,३८१.३० | ० | ४४,१२,४२,३८१.३० | |
| | | | प्रदेश सरकार | १२ | २,४४,६४,००० | १,७७,७६,९९२ | ० | १,७७,७६,९९२ | |
| | | | जनसहभागिता | | ० | ० | ० | ० | |
| | | | १४००० अन्य राजस्व | | १,०३,८२,७८३.९५ | ५४,५९,४२९.९५ | ० | ५४,५९,४२९.९५ | |
| | | | ख. अन्य प्राप्ति | | १,८९,७९,३१२ | ३,०४,९७,१८९ | | ३,०४,९७,१८९ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | | १,८९,७९,३१२ | १,९८,२९,१४२ | ० | १,९८,२९,१४२ |
| धरौटी | | ० | १,०६,६८,०४७ | ० | १,०६,६८,०४७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६५,५३,३३,५४४.७३ | ५४,६९,०२,३८८.५८ | | ५४,६९,०२,३८८.५८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६३,६३,५४,२३२.७३ | ५२,५०,२८,८२४.५८ | | ५२,५०,२८,८२४.५८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,०८,३९,००० | २१,६३,००,७९८.८० | ० | २१,६३,००,७९८.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,५३,०१,१७८.७३ | १५,२५,६७,७५८.१७ | ० | १५,२५,६७,७५८.१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ६,००,००० | १,८४,२४९.३८ | ० | १,८४,२४९.३८ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ६५,१०,००० | ३१,७२,३०९ | ० | ३१,७२,३०९ | |
| | | | २८००० अन्य खर्च | १८ | ३१,५०,००० | २१,८८,२५१ | ० | २१,८८,२५१ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,९९,५४,०५४ | १५,०६,१५,४५८.२३ | ० | १५,०६,१५,४५८.२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १,८९,७९,३१२ | २,१८,७३,५६४ | | २,१८,७३,५६४ |
| कोषहरु | | १,८९,७९,३१२ | १,४७,२५,००६ | ० | १,४७,२५,००६ |
| धरौटी | | ० | ७१,४८,५५८ | ० | ७१,४८,५५८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,३९,९६,४४८.७८) | २,११,६७,७९२.४९ | | २,११,६७,७९२.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,३२,०६,८१२.२५ | | ३,३२,०६,८१२.२५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,३९,९६,४४८.७८) | ५,४३,७४,६०४.७४ | | ५,४३,७४,६०४.७४ |
| बैंक तथा नगद बाकी | २४ | | ५,४३,७४,६०४.७४ | | ५,४३,७४,६०४.७४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नगरपालकाले पेश गरेको विय प्रतिवेदनमा समावेश नभएका अय खच शीषक निम्नानसुार छन् ।
<table>
<tr><td>शीर्षक</td><td>निकासा</td><td>खर्च</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>६४१३४१२६</td><td>६४१३४१२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>खरिद गुणस्तर कार्यसम्पन्न<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । केही ठेक्कामा भुक्तानी प्रयोजनका लागि गुणस्तर परीक्षणका प्रमाण लिए पनि अधिकाँश ठेक्कामा गुणस्तर परीक्षणको प्रमाण लिएको देखिएन भने परीक्षण गरि प्रमाण पेश गरेका ठेक्का प्याकेजमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । त्यस्तै गुणस्तर परीक्षण गर्दा के कस्ता आइटमको कार्यालयबाट र वाहिरीवाट गरिने स्पष्ट गरेको छैन । तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ ।<br>वीमा- सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले तोकिए बमोजिम बीमा गर्नु पर्ने गरी सम्झौता गरे पनि वीमा गरेको प्रमाण नै लिने गरेको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न ऐन नियमको मनसाय अनुसार कार्य भएको पाईएन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने व्यबस्था गरी त्यसको प्रमाण लिने व्यबस्था हुनुपर्दछ ।<br>**कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>म्याद थप-सम्झाैता कार्यान्वयन सम्बन्धमा सम्झाैताकाे शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीकाे माग बमाेजिम म्याद थप स्वीकृत गरेकाे देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीकाे निबेदन बमाेजिम कारण मनासिब ठहऱ्याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| ४ | | | **बैंक भन्दा बढी खर्च**<br>शीर्षक गत आर्थिक विवरणमा देखाएको खर्च र बैंक नगदी कितावको आम्दानी, खर्च र बाँकी एक आपसमा भिडान हुनुपर्दछ । पालिकाले तयार गरेको आर्थिक विवरणमा कुल आम्दानी रु र कुल खर्च रु भई रु२०००००। खर्च बढी भई बैंक घटी देखिएकोले फरक परेको रकम सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने रु. | |
| ५ | | | **अनुदानको अनुगमन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ अनुसार कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्यक्तिबाट यस्तो खर्च असुल उपर गर्न सकिने ब्यवस्था छ ।पालिकाले विभिन्न गो भौ बाट निजि व्यवसायिलाई अनुदान दिएकोमा निजि व्यवसाय संचालकले आफ्नो व्यवसाय संचालन गर्दा आवश्यक पर्ने सामाग्रीको भुक्तानी पालिकाले गर्न नमिल्ने हुंदा उक्त रकम असूल गर्नु पर्ने
<table>
<tr><th>गो भौ नं मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३२९।२०७८।१०२७</td><td>जिवन बाखा तथा पशुपंक्षी पालन फर्मलाइ १थान रागा खरिद गरेको विल पेश गरेको आधारमा भुक्तानी</td><td>५००००।००</td></tr>
<tr><td>४००।२०७८।१२।७</td><td>विशाल पोल्ट्री फर्म तथा मासु पसललाइ अनुदान</td><td>१०००००।००</td></tr>
<tr><td>४५५।२०७८।१२।९</td><td>महाकाली न पा ३ निवासी हिमालय भट्टलाइ क्यामरा खरिदका लागि भुक्तानी</td><td>५००००</td></tr>
<tr><td>४६४।२०७८।१२।१३</td><td>मालिकार्जुन चौमिन उद्योगलाइ अनुदान</td><td>५००००</td></tr>
<tr><td>४७१।२०७८।१२।१४</td><td>नमस्कार जनरल स्टोर्स सप्लायर्सलाइ अनुदान</td><td>९९८३५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७ | | | **शैक्षिक गुणस्तर**<br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारकालागि पालिकाको ध्यान जानु पर्दछ । | |
| ८ | | | **अनुदानको अनुगमन**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा ७३ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयमा गएका सबै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा उप महानगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ९ | | | **जिन्सी अद्यावधिक नगरेको**<br>जिन्सी अद्यावधिक नगरेकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ तथा महालेखा नियन्त्रक कार्यालयले तयार पारेको सफ्टवयर PAMS अनुसार जिन्सी मालसामानको विवरण (स्पेसिफिकेशन) र मूल्य समेत खुलाई सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी किताव तथा सफ्टवयर परिक्षण गर्दा हाल सम्म कार्यालयबाट खरिद गरेका तथा वडा कार्यालयबाट खरिद भएका र अन्य विषयगत शाखाबाट खरिद भएका मालसामानहरु सम्बन्धित शाखामा नै जिन्सी खातामा आम्दानी बाध्ने तथा सहायक जिन्सी खाता, मर्मत खाता जस्ता खाताको अद्यावधिक नगरी राखेको र हाल सम्म जिन्सी निरीक्षण समेत गरेको देखिएन । यसले गर्दा मालसामान हराउन सक्ने र के कुन हालतमा रहेको बारे जानकारी समेत नहुने हुनाले नियमानुसार समयमै खाता अद्यावधिक गर्ने र जिन्सी निरीक्षण गरी यथार्थ विवरण सहित जिन्सी अद्यावधि गर्नुपर्ने देखिन्छ । | |
| १० | | | **सम्पत्तिको अभिलेख**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| ११ | | | **बैक हिसाब मिलान नगरेको**<br>**बैक हिसाब मिलान नगरेको —** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचीत कोष</td><td>३६७३४४००</td><td>३७४५४३८६</td><td>७१९९८६</td></tr>
<tr><td>२</td><td>विविध कोष</td><td>२८९६४११</td><td>३७७६६२४१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>पेश्की बाँकी<br>पेश्की बाँकीः<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१२.१</td><td>ओखलगाडा पि.सि.सि. बाटो निर्माण</td><td>४,९०,०००</td></tr>
<tr><td>१२.२</td><td>टिकेन्द्र प्रसाद अवस्थी</td><td>२०,०००</td></tr>
<tr><td>१२.३</td><td>टिकेन्द्र प्रसाद अवस्थी</td><td>४,००,०००</td></tr>
<tr><td>१२.४</td><td>धाप सिँचाई नहर मर्मत तथा सरसफाई</td><td>९९,०००</td></tr>
<tr><td>१२.५</td><td>बनाला झोलुङ्गे पुल निर्माण उ.स</td><td>५,००,०००</td></tr>
<tr><td>१२.६</td><td>भववति टोल विकास समिति</td><td>६,६०,०००</td></tr>
<tr><td>१२.७</td><td>महेश सिह विष्ट</td><td>५०,०००</td></tr>
</table>
</td><td>२,९४९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२.८ लोकेश जोशी ४,००,०००<br>१२.९ सार्वजनिक सामुदायिक भवन निर्माण ३,३०,००० | |
| १३ | | | **घटी जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । नगरपालिकाको आ.व. २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.३६५९५४६०.०४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३३२०६८१२.२५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३३८८६४७.७ घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेबारी सारेको सम्बन्धमा पालिकाबाट कारण स्पष्ट गर्नु पर्दछ । | |
| १४ | | | **आर्थिक विवरण** | |
| १४.१ | | | प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फारम नं: २०२ को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई पनि भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनु पर्दछ । | |
| १४.२ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा पालिकाले उपलव्ध गराएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ )मा विषयगत निकायबाट प्राप्त रकमलाई समावेश गरेको देखिएन । पालिकाले सो कारोवारलाई वित्तीय प्रतिवेदनमा समावेश गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी **रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखी खर्चखाताको मौज्दात शुन्य पारेको पाइएन,**<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।<br>• **जिन्सी निरीक्षण भएको छ** तर उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सोबमवजिमको गुरुयोजना तथा योजना लेखापरीक्षणको क्रममा पेश भएको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको **निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,**<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) **र कन्टिन्जेन्सी खाता राखेको पाईएन,**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन उल्लेखित व्यहोरामा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १६ | | | **सवारी मर्मत अभिलेख**<br>सवारी मर्मत अभिलेखः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ ले कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोमिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाबाट यो बर्ष सवारी साधन मर्मत तथा सम्भार गरेको रु ८९३६९४।०० खर्च गरेकोमा म.ले.प फाराम नं. ४१५ को ढाँचामा मर्मत, सम्भार तथा संरक्षण अभिलेख खातामा अभिलेख राख्नुपर्नेमा अभिलेख खाता नै नराखी खर्च गरेकोले पालिकाले नियमको पालनामा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **भ्रमण अभिलेख**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण गर्दा म. ले. प. फाराम ९०७,९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्नेमा पालिकाले सो ढाँचामा अभिलेख नराखेकोले कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण विल प्रमाणित गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १८ | | | **न्यायिक समिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७८/७९ मा गत वर्षको १० मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष १५ मुद्दा दर्ता भई कुल २५ मुद्दा रहेकोमा .१४ मुद्दा फछ्र्यौट भएका छन भने ११ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेकोे, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी पालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न विशेष ध्यान दिनुपर्दछ । | |
| १९ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म नगरपालिकाले ऐन ६ वटा, नियमावली ४ वटा, कार्यविधि ३३ वटा, निर्देशिका ३ वटा र आचारसँहिता ४ **समेत गरी ४८ कानू**न बनाएको छ । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ नगरपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| २० | | | **विविध खर्च**<br>विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रयोजन नखुलाई रु.२६७१४०९। विविध खर्च भनेर होटलहरुको विलको आधारमा खर्च गर्ने गरेको देखियो । अतः खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ । उक्त खर्च बाहेक पालिकाले यस बर्ष नगर सभा सञ्चालन खर्च वापत रु.७४६८१०। खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा तथा विरामी परेका मानिसहरुलाई रु.१११११८०४।— नगद बाँडेको देखियो । पालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि नबनाई बाँडिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| २२ | | | **दरबन्दी पदपूर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका सहित १९ पद रिक्त रहेको भएपनि कतिपय पदमा दरवन्दीभन्दा बढी अर्थात स्थायी कर्मचारी कार्यरत रहेको विवरण कार्यालयले उपलव्ध गराएको छ । पालिकामा कुल १६० करार सहित २६० कर्मचारी कार्यरत रहेको देखिन्छ । दरवन्दी वेगरका धेरै कर्मचारी कार्यरत रहनु मनासिव देखिँदैन । कार्यबोझसमेतका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी अद्यावधिक गर्ने र कानूनी प्रकृया पुरा गरेरमात्र कर्मचारी करारमा लिनुपर्दछ । | |
| २३ | | | **रकमान्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पालिकाले पटके निर्णयबाट विभिन्न ६७ योजना तथा कार्यक्रमबाट रु. ३ करोड २५ लाख ४० हजार बजेट घटाई ६० योजना तथा कार्यक्रममा रु. ३ करोड २५ लाख ४० हजार अर्थात बजेटको ५.५२ प्रतिशत रकमान्तर भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकमान्तर गर्दा कम लागत भएका कार्यक्रम लाई शुन्य बनाएर रकमान्तर गरेको देखिन्छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| २४ | | | **चौमासिक खर्च**<br>पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ बार्षिक रु.१५ करोड ६ लाख १५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६५ लाख ३३ हजार अर्थात ४.३४ प्रतिशत, दोश्रो चौमासिकमा रु.३ करोड ८० लाख ४३ हजार अर्थात २५.२६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१० करोड ६० लाख ३८ हजार अर्थात ७०.४० प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.५ करोड १८ लाख ४८ हजार अर्थात ३४.४२ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा पूर्जीगत खर्चमा भार परेको देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| २५ | | | **योजना प्राथमिकिकरण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गर्नुपर्नेमा पालिकाले गरेको देखिएन । पालिकाले सो सम्बन्धमा ध्यान दिनुपर्दछ । | |
| २६ | | | **राजस्व प्रक्षेपण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । पालिकाले समितिको गठन गरी आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्दछ । **समितिको माइन्यूटमा ६ पटक बैठक बसे पनि सैदान्तिक भाषागत रुपमा सिमा निर्धारण गर्ने, योजना छनौट गर्ने निर्णय मात्र गरी बैठक टुङ्गाउने गरेको देखियो । समितिले कानूनको व्यवस्था बमोजिमको कार्य गर्नुपर्दछ ।** | |
| २७ | | | **अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।३।१० गते रु.५८ करोड ८४ लाखको बजेट सभासमक्ष पेश गरेकोमा २०७८।३।२१ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७८।४।७ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| २८ | | | **कर्मचारी करार**<br>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि खर्च लेखेको छ । पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत गरेर मात्र कर्मचारी स्थायी पदपूर्तिमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा यस वर्ष वित्तीय समानीकरणबाट रु.१५०००००।— एकमुष्ट ट्रान्सफर गरी छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ३० | | | **तलबी प्रतिबेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३१ | | | **राजस्वको स्रोत पहिचान** | |
| ३१.१ | | | पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गर्नुपर्ने तथा पालिका भित्रका घरजग्गा,व्यापार व्यवसाय,उद्योग तथा अन्य राजस्वका श्रोतहरु पहिचान गरी सोको अभिलेख राखी लगत अद्यावधिक गरी राख्नु पर्नेमा पालिकाले सोको अभिलेख पनि सही तरीकाले राखेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र रहेको आयका श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरी राजस्वको दायरालाई फराकिलो बनाउन तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१.२ | | | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट केही वडामा स्वचालित प्रणालिबाट र केही वडाहरुमा रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने गरेको देखियो । यस्तो प्रकृयाबाट राजस्व असुल गर्नु मनासिव नदेखिएकोले कार्यलयले | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>डीपीआर खर्च<br>डीपीआर खर्च – सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत लागत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>गलबाब मन्दिरको DPR</td><td>मालिकार्जुन कन्सलटेन्सी एण्ड इन्जिनीयरिङ्ग सर्भिस प्रालि</td><td>२०००००</td><td>२०००००</td><td>६९६१७१३.५४</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ३४ | २२० | २०७९-३-६ | **प्रधानमन्त्रि रोजगार**<br>नर्म्स अनुसार कडा माटो खन्ने कार्यमा प्रति घनमिटर ०.६० म्यानडेज अर्धदक्ष कामदार लाग्ने उल्लेख छ । पालिकाले वडा नम्बर ४ अन्तरगत बजार क्षेत्रको ढल मर्मत योजना ०.६० म्यानडेज अर्धदक्ष कामदार लाग्ने गरी लागत अनुमान तयार गरेको देखियो । तोकेको भन्दा प्रति घनमिटर ०.२ म्यानडेज कामदार बढी राखी तोकिएको ५७७ प्रति दिन ज्याला दररेट अनुसार रु.११५४३५। बढी हुने गरी प्राविधक मूल्याङ्कन गरी भुक्तानी गरेको काम नियम सम्मत देखिएन रु. | ११५,४३५ |
| ३५ | ३१२ | २०७९-३-२२ | **बढी भुक्तानी**<br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ४ मा साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम अनुसार सम्झौता भई सञ्चालन भएको कार्यक्रम बाज जायझुल सुन्तला तथा अदुवा पकेट सञ्चालन समन्वय समिति गठन गरी रु.११०००००।को लागत अनुमान तयार अनुसार कार्यक्रम सञ्चालन गरी परियोजनालेमा कुल लागतको रु.५०८०२०। व्यहोर्नुपर्ने गरी कृषि प्राविधिकले विल भर्पाई सहित सिफारिस गरेकोमा रु.५६००००। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५१९८०। सम्बन्धित पकेट सञ्चालन समितिबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ५१,९८० |
| ३६ | २८० | २०७९-३-२० | **साझेदारी अपुग**<br>भगवती कृषक समूह वडा नं.६ सँग भएको सम्झौतामा ३० वटा मौरी सहितको आधुनिक घार रु.३ लाखमा खरिद गर्ने,अन्य सामाग्रिहरु रु.७ लाखमा खरिद गर्ने,तालिम ढुवानी र अनुगमन गरी रु.१ लाख गरी रु.११ लाखमा खरिद गर्ने सामाग्रिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने गरी सम्झौता गरेकोमा समूहले पेश गरेको विल भर्पाई परिक्षण गर्दा रु.९ लाख बरावरको सम्झौता अनुसार खर्च गरेको र बाँकी रु.२ लाखको सम्झौता बाहिरको सामान खरिद गरेकोमा | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सोको पनि भुक्तानी गरेको देखियो । यसरी सम्झौतामा उल्लेखित आईटम बाहेकमा भुक्तानी गर्न नपाईने हुनाले बढी भुक्तानी भएको रु.१०००००। सम्बन्धित कृषक समूहबाट लागत सहभागिता भएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ३७ | | | **शिक्षकको दरबन्दि पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपुर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | |
| 1 | मालिकार्जून मा बि धाप | 13 | 3 | 0 | | 13 | 3 | 0 | | 500 |
| 2 | महेन्द्र नमूना मा बि खलंगा | 17 | 1 | 3 | | 17 | 1 | 3 | | 2261 |
| 3 | कैलाशपति नि मा बि छाडरु | 7 | 2 | 0 | | 7 | 2 | 0 | | 190 |
| 4 | मालिकार्जून मा बि निसिल | 5 | 1 | 0 | | 5 | 1 | 0 | | 118 |
| 5 | मालिकार्जून नि मा बि पौनेखोला | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 66 |
| 6 | हूष्कर मा बि काटै | 9 | 2 | 1 | | 9 | 2 | 1 | | 255 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | दूर्गा लटिनाथ नि मा बि मैखोली | 4 | 2 | 0 | | 4 | 2 | 0 | | 133 |
| 8 | गडीभवन मा बि थाप्ला | 4 | 3 | 0 | | 4 | 3 | 0 | | 84 |
| 9 | बाझ प्रा बि बाझ | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 36 |
| 10 | छापरी नि मा बि छापरी | 4 | 0 | 0 | | 4 | 0 | 0 | | 88 |
| 11 | जायझूल नि मा बि जायझूल | 3 | 3 | 1 | | 3 | 3 | 1 | | 19 |
| 12 | जनप्रिय नि मा वि किम्तडी | 5 | 2 | 1 | | 5 | 2 | 1 | | 83 |
| 13 | राष्ट्रिय मा बि दत्तू | 13 | 1 | 2 | | 13 | 1 | 2 | | 236 |
| 14 | हिमालय मा वि धौकोट | 5 | 2 | 0 | | 5 | 2 | 0 | | 136 |
| 15 | अल्कापुरी मा बि कोटकौतोली | 6 | 2 | 1 | | 6 | 2 | 1 | | 172 |
| 16 | असिगडा प्रा बि असिगडा | 5 | 0 | 0 | | 5 | 0 | 0 | | 114 |
| 17 | दशरथनगर प्रा बि दशरथनगर | 3 | 1 | 0 | | 3 | 1 | 0 | | 57 |
| 18 | मोतीमहिला संध प्रा बि तिकर | 6 | 1 | 0 | | 6 | 1 | 0 | | 278 |
| 19 | भूमीराज प्रा बि बेत | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 13 |
| 20 | सरस्वती प्रा बि श्रीबगड | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 8 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | ज्योती प्रा बि बूढीचौरा | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 11 |
| 22 | हरिनाथ प्रा बि डाडा | 2 | 1 | 0 | | 2 | 1 | 0 | | 32 |
| 23 | टोपीनाथ प्रा बि बबा | 1 | 0 | 0 | | 1 | 0 | 0 | | 6 |
| 24 | मालिकार्जून नि मा बि झूस्कू | 3 | 1 | 0 | | 3 | 1 | 0 | | 47 |
| 25 | नवयुवक प्रा बि धम्पनेरा | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 22 |
| 26 | जगन्नाथ प्रा बि धौलीगाड | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 36 |
| 27 | भगवती प्रा बि काकडा | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 12 |
| 28 | मालिकार्जून नि मा बि सकार | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 61 |
| 29 | भगवती प्रा बि मसिनी | 0 | 0 | 2 | | 0 | 0 | 2 | | 14 |
| 30 | जगन्नाथ प्रा बि गल्फै | 3 | 0 | 0 | | 3 | 0 | 0 | | 107 |
| 31 | दुर्गेश्वरी प्रा बि थामू | 2 | 0 | 1 | | 2 | 0 | 1 | | 33 |
| 32 | भगवती आ वि चेटेगडा | 1 | 0 | 1 | | 1 | 0 | 1 | | 16 |
| 33 | भूवनेश्वरी आ वि पण्डोरा | 2 | 1 | 0 | | 2 | 1 | 0 | | 37 |
| 34 | जाईझुलधार आ वि जाईझुल | 2 | 0 | 1 | | 2 | 0 | 1 | | 20 |
| 35 | उल्लेनी प्रा बि उल्लेनी | 1 | 0 | 1 | | 1 | 0 | 1 | | 23 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 36 | भूमीनाथ प्रा बि मलेरा | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 17 |
| 37 | हूनैनाथ मा बि बाझ | 3 | 2 | 0 | | 3 | 2 | 0 | | 190 |
| 38 | टोपीनाथ प्रा बि दह | 1 | 0 | 1 | | 1 | 0 | 1 | | 16 |
| 39 | केदारनाथ प्रा बि दत्तू | 1 | 1 | 0 | | 1 | 1 | 0 | | 13 |
| 40 | ल६िनाथ प्रा बि थालीगाड | 2 | 1 | 0 | | 2 | 1 | 0 | | 53 |
| 41 | सरस्वती प्रा बि मूल्ला | 1 | 1 | 0 | | 1 | 1 | 0 | | 42 |
| 42 | छन्त्रा तिंकरी कन्या मा वि खलंगा | 1 | 5 | 0 | | 1 | 5 | 0 | | 225 |
| 43 | बह्ममैकाश्वरी प्रा बि पण्डोरा | 2 | 1 | 0 | | 2 | 1 | 0 | | 25 |
| 44 | मालिकार्जून प्रा बि कोलूधार | 2 | 0 | 0 | | 2 | 0 | 0 | | 20 |
| 45 | मालिकार्जून प्रावि पलेटा | 0 | 1 | 0 | | 0 | 1 | 0 | | 27 |
| 46 | देबी प्रा बि उडै | 0 | 1 | 0 | | 0 | 1 | 0 | | 16 |
| 47 | भवानी आवि कोटधार | 0 | 0 | 0 | | 0 | 0 | 0 | | 22 |
| 48 | समैजी आवि मानाकोट | 0 | 0 | 0 | | 0 | 0 | 0 | | 17 |
| | जम्मा | 164 | 42 | 16 | 0 | 164 | 42 | 16 | 0 | 6007 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **स्यानीटरी प्याड**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप २.७.१३.२३ अनुसार सामुदायिक विद्यालयका कक्षा ६ देनि १२ सम्मका छात्राहरुलाई १० महिनालाई पुग्ने गरी स्यानीटरी प्याडको व्यवस्थापन गर्नको लागि अनुदान उपलव्ध गराउने व्यवस्था अनुरुप यस पालिकाले पालिका अन्तरगतका १८ विद्यालयका २६५४ जना छात्राहरुलाई प्रति छात्रा ९४० कादरले रु.२४९४७६०। सम्बन्धित विद्यालयको खातामा निकास दिएको देखियो ।पालिकाले निकासा दिएको रकम के कुन आधारमा दर निर्धारण गरी भुक्तानी दिएको हो स्पष्ट आधार वेगर दामासाहीमा रकम २०७९।२।३१ गते निकास गरेको देखियो । निकासा दिएको रकमको हाल सम्म रु.२०४७७६९। को खरिद गरी विल पेश गरेकोमा बाँकी रु.४४६९९१। बराबरको पालिकाबाट कुनै अनुगमन पनि गरेको नदेखिएकोले खरिद गरेको विल तथा प्रमाण पेश गर्नेपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ४४६,९९१ |
| ३९ | | | **समानिकरणबाट शिक्षक तलव**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ज मा स्थानीय तहलाई सामुदायिक विद्यालयको सञ्चालन तथा व्यवस्थापनको सिमा अनुसार सामुदायिक विद्यालयमा स्थानिय तहले शिक्षक नियुक्ति गर्न पाउने व्यवस्था गरेको देखिदैन । पालिकाले विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धि मापदण्ड,२०७५ तयार गरी विद्यार्थि अनुपातका आधारमा सहजकर्ता शिक्षक राख्ने भनिएकोमा पालिकाले उपलव्ध गराएको विवरण अनुसार आवश्यकता भन्दा न्यूनमात्रामा विद्यार्थि संख्या रहेको विद्यालयमा पनि थप सहजकर्ता नियुक्ति गरी रु.७२५५१६३ खर्च निकासा गरेको देखिन्छ । यसरी विद्यार्थि संख्या नै न्यून भएको ठाँउमा सहजकर्ता शिक्षक राखेर आर्थिक भार बढ्ने हुनाले यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । | |
| ४० | | | **शिक्षक ग्रेड भुक्तानी**<br>शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा पालिकाको २०७८ को शिक्षकको पारित तलवि प्रतिवेदन अनुसार देहायका विद्यालयका शिक्षकहरुको मासिक ग्रेडभन्दा बढी ग्रेड निकासा दिएकोले बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ४२,८९८.२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर औषधिजन्य मालसामान सोझै खरिद गरी विभिन्न सप्लायर्सलाई रु. लाख हजार भुक्तानी गरेको छ । खरिद गरेका औषधि उत्पादनको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको (केहि उत्पादको बाहेक), आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्ने गरेको देखिएन । पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएका औषधिको विवरण खुल्ने गरी अभिलेख राख्दै प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी वितरण गर्न ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **लघु उद्यम विकास कार्यक्रम** | |
| ४२.१ | २५६ | २०७९-३-१४ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाका विभिन्न वडाहरुमा विभिन्न सिप विकास तालिमहरु सञ्चालन भएकोमा पालिकाको वडा नं.८ र ७ मा २०७८।११।२६ देखि २०७९।१।२६ सम्म होजियारी सिप विकास तालिम सञ्चालन भएको देखिन्छ । कार्यालयले पेश गरेको खर्च फाँटवारी तथा विल भर्पाई परीक्षण गर्दा तालिममा आवश्यक पर्ने सामाग्रिहरु तालिम समापन भई सकेपछि २०७९।२।३ पछि मात्र खरिद गरेको देखिन्छ । सिप विकास तालिम जस्तो व्यवहारिक तालिममा चाहिने सामाग्रि वेगर तालिम सञ्चालन गरेको देखियो । यसरी विना सामाग्रि सञ्चालन भएको देहायका तालिमको खर्चलाई नियमित मान्न नसिकने हुनाले यस्तो कार्यमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।<br>कार्यक्रम \| रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२ महिने होजियारी सिप विकास तालिम वडा नं.७</td><td>२४६२८८</td></tr>
<tr><td>२ महिने होजियारी सिप विकास तालिम वडा नं.८</td><td>२३४६४१</td></tr>
<tr><td>जम्मा</td><td>४८०९२९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु. ६३८००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>नमुना विद्यालय<br>विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधि पूर्वाधार विकासकालागि लगातार 3 बर्षसम्म बजेट विनियोजन गर्ने व्यवस्था अनुसार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप ९.१२ अनुसार छनौट भएका विद्यालयलाई भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित प्रस्ताव पेश गरी यस आवमा सञ्चालन गर्ने कामहरु निर्धारण गरी विद्यालयसँग सम्झौता गरी अनुसूचि ९ क र ख का स्थानीय तहका विद्यालयलाई रु.३० लाख निकासा गर्नुपर्ने अन्तरगत पालिकाले नमुना विद्यालय मालिकार्जुन माविलाई रु.२९२२०००। निकास गरेकोमा लेखापरीक्षणको क्रममा कार्यान्वयन पुस्तिका अनुसारको प्रकृया पुरा गरेको प्रमाण कागजात नदेखिएकोले पालिकाले उक्त विद्यालयलाई गएको अनुदान रकमको समयमै अनुगमन गरी निर्देशिकाले तोकेको शीर्षकमा खर्च भए नभएको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु</td><td>२,९२२,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुदान बितरण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | बितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभाबकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एककृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान वितरण तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीलाई अनुदान वितरण गर्नुपर्दछ ।पालिकाले यस सम्बन्धमा कुनै कानुन तथा निति तयार गरेको छैन । कार्यालयबाट खर्च हुने अनुदानमा संघको कार्यक्रमको संघिय निर्देशिका र स्थानीय तहबाट खर्च हुने अनुदानको स्थानीय निर्देशिकालाई पालना गरेर खर्च गर्नुपर्नेमा केहि कार्यक्रममा सोको पनि पालना नगरी खर्च गरेको देखिन्छ । यसले गर्दा अनुदान वितरणमा वास्तविक लाभग्राहिले नपाउने पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम देखिन्छ । पालिकाबाट हुने अनुगमन मुल्यांङ्कनमा वास्तविक वस्तुस्थितिको कार्यक्रम पूर्व तथा कार्यक्रम पश्चातको काम झल्कने गरी फोटो अनुगमन प्रतिवेदन वेगर अनुगमन भत्ताको मात्र विल भर्पाई रहने गरेको देखिन्छ । अनुदान रकम बितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अबस्था देखिदैन । साथै उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ । | |
| ४५ | | | **अनुगमन मुल्यांकन** | |
| ४५.१ | २८२ | २०७९-३-५ | कन्टिनजन्सी शिर्षक बाट कार्यपालिका निर्णय गरि २०७८ माघ देखी नगरपालिकाका प्राविधिक कर्मचारीहरुलाइ मासिक रुपमा ५ हजारको दरले अनुगमन भत्ता उपलब्ध गराउने निर्णय गरेतापनि केही प्राविधिक कर्मचारीहरुले आफुलाइ फाइदा हुने गरि अनुगमन नजादा मासिक ५ हजार र अनुगमन जादा दौनिक भ्रमण भत्ता लिने गरेको देखिन्छ । मासिक ५ हजारका दरले भत्ता लिने प्राविधिक कर्मचारीले पनि अनुगमन सम्बन्धी कुनै अभिलेख समावेश गरेको देखिएन यसमा नियनेत्रण हुनु पर्दछ । | |
| ४५.२ | ४८३ | २०७८-१२-१५ | भ्रमण खर्च नियमावी २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले सकेसम्म मितव्ययी साधनको प्रयोग गर्नु पर्दछ ।निमित्त प्रमुख प्रशासकिय अधिकृत नर सिंह वडाल धनगढी जाने क्रममा सवारी धनी महेन्द्र प्रसाद बडुको गाडी रिर्जव गरेको भनि ४००००।०० भुक्तानी गरेको देखिन्छ । यस्तो प्रवृतिको अस्वभाविक खर्च नियन्त्रण गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>वैठक भत्ता :<br>बैठक भत्ता : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ को दफा २ को उप दफा ४ मा अनुसुची १ क १ ख १ ग मा उल्लेखित समितिहरुको वैठकमा उपस्थित पदाधिकारी तथा सदस्यलाई बैठक भत्ता पाउने उल्लेख छ । पालिकाले गो भो न ७२२।३।१४ बाट बेसहारा आमाबाबुको साहरा नगरप्रमुख अन्तर्गत छनोट समितिको बैठकमा उपस्थितलाई बैठक भत्ता रु ५२०००। खर्च लेखेको छ । स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ मा उक्त समितिको बैठकमा उपस्थितलाई भत्ता दिन मिल्न् उल्लेख नभएको भत्ता लिन पाउने आधार पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु</td><td>५२,०००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>जनतासंग नगरप्रमुख कार्यक्रम :<br>जनतासंग नगरप्रमुख कार्यक्रम : स्विकृत कार्यक्रम अन्तर्गत जनतासंग नगरप्रमख कार्यक्रममा रु ५० लाख विनियोजन गरेको छ । उक्त कार्यक्रममा विनियोजित रकम रोजगारी सृजना हुने तथा विकास निर्माण कार्यमा खर्च गर्ने गरी कार्यविधि बनाई खर्च गर्नुपर्दछ । पालिकाले उक्त विनियोजित रकमलाई कार्यपालिकाले पटके निर्णय गर्दै वितरण तथा विभिन्न व्यक्ती फर्मलाई अनुदान , विविधमा खर्च गरेको छ । जनतासंग नगरप्रमुख कार्यक्रम भनि एकमुष्ठ रकम विनीयोजन गरी वितरणमुखी कार्यमा विभिन्न संघ सस्थालाई अनुदान दिने तथा कार्यालयको विविध खाजा खर्च कार्यालय सामानमा खर्च गरी रु १५४०३७४। खर्च लेखको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>क स</th><th>खर्चको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>काठ चिर्ने मेसिन खरिदमा अनुदान</td><td>१०००००।</td></tr>
<tr><td>२</td><td>विशाल पोलट्री फर्म कुखुरा पालनलाइ अनुदान</td><td>१०००००।</td></tr>
<tr><td>३</td><td>गाडी मर्मत</td><td>३३९०००।</td></tr>
<tr><td>४</td><td>लटिनाथ ग्रिल उद्योगालाई अनुदान</td><td>९९८३५।</td></tr>
</table></td><td>१,५४०,३७४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>होटल वास तथा खाजा खर्च</td><td>१८४५१०।</td></tr>
<tr><td>६</td><td>वाख्रापालन अनुदान</td><td>१०००००।</td></tr>
<tr><td>७</td><td>सामान खरिद भुक्तानी</td><td>९३२८०।</td></tr>
<tr><td>८</td><td>साउन्ड सिष्टम जडान</td><td>१७३७४९।</td></tr>
<tr><td>९</td><td>मसलन्द तथा कार्यालय सामानमा खर्च</td><td>३५००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५४०३७४।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td>२०७९-६-१</td><td>
अनुदानमा खर्च :<br>
अनुदनमा खर्च : पालिकाले बजेट तथा निति कार्य क्रममा कृषकलाई ५० प्रति अनुदानमा उन्नत विउ विजन तथा पोलिहाउस निर्माणको लागि अनुदान दिने उल्लेख छ । पालिकाको स्विकृत बजेट अनुसार कृषि कार्यक्रम अन्तर्गत किसान तथा कृषक समुहलाई बजेट तथा कार्यक्रम उल्लेखित प्रतिशतमा अनुदान दिनु पर्नेम देहायक कृषक तथा कृषक समुहलाइ ८५ प्रतिशत अनुदान दिने आर्थिक विकास समितिले निर्णय गरी भुक्तानी दिएको छ । पालिकाले प्रस्तुत गरेको बजेट तथा कार्यक्रममा उल्लेखित प्रतिशत भन्दा बढी प्रतिशत अनुदान दिने निर्णय गरी खर्च लेखनु नि्यमसम्मत देखिएन ।
<table>
<tr><th>गो भौ न</th><th>पोलिहाउस निर्माण</th><th>विल रकम</th><th>दिनुपर्ने अनुदान प्रतिशत ५०</th><th>दिएको प्रतिशत ८५ प्रतिशत</th><th>बढी दिएको रकम</th></tr>
<tr><td>७८८।०७८।३।२३</td><td>टोपीनाथ अति विपन्न समुह</td><td>१७५५००</td><td>८७७५०।</td><td>१४९१७५।</td><td>६१४२५।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>पोलिहाउस निर्माण</td><td>१९७००।</td><td>९८५०</td><td>१६५७५।</td><td>६७२५।९५</td></tr>
<tr><td>७४७।३।१९</td><td>पोलिहाउस निर्माण</td><td>५८५००</td><td>२९२५०।</td><td>४९७२५।</td><td>२०४७५।</td></tr>
<tr><td>७५४।३।१९</td><td>पोलिहाउस निर्माण</td><td>१९७००।</td><td>९८५०।</td><td>१६७४५।</td><td>६८९५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९५५२०।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>बिल भरपाईः<br>प्रदेश आर्थीक कार्यविधी २०७५ को दफा ३७ को ३ मा खर्च गर्दा विल भरपाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले गो भौ नं १६८।२०७८।९।१४ मा जनता सँग नगर प्रमुख शिर्षक बाट पतंजली योग पिठलाइ योग कार्यक्रम संचालन वापत रु८७०००।०० भुक्तानी गरेकोमा उक्त योग पिठले बिल भरपाइ पेश गरेको छैन साथै गो भौ नं ४८६।२०७८।१२।१६ बाट सवारी साधन मर्मत शिर्षकबाट २ थान नगरबस सर्भिसीङ्ग तथा मर्मत वापत इष्टर्न म्यानेजमेन्ट प्रा लि लाइ फोटोकाँपी बिल राखी रु ९७८८२।०० भुक्तानी भएकोमा सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने रु १८४८८२।००</td><td>१८४,८८२</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>विलम्ब शुल्क<br><br>कार्यालयले धारा विजुली विल तथा सवारी साधन नविकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिर्नु परेकाले यसरी विल रकम भन्दा बढी भुक्तानी गर्नु परेको विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रणग</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं मिति</td><td>विलम्ब रकम</td><td>विवरण</td></tr>
<tr><td>१३३।२०७९।९।२</td><td>१०००।००</td><td>सवारीसाधनको विमा नवीकरण</td></tr>
<tr><td>४१४।२०७९।११।३०</td><td>९५९९।००</td><td>नेपाल विध्युत प्राधसकरणलाइ विध्युत महशुल भुक्तानी गर्दा</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
वितरणमुखी कार्यक्रम :<br>
वितरणमुखी कार्यक्रम : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफनो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासा लागि आवधिक वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले वितरणमुखी योजना छनोट गरी वितरण गरेकोले यस्ता वितरणमुखी कार्यक्रहरुमा नियन्त्रण गर्नु पर्दछ ।पालिकाबाट वितरण गरेको वितरणमुखी केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन ।
<table>
<tr><td>गो भौ न</td><td>कार्यक्रमको नाम</td><td>खर्च रकम</td></tr>
<tr><td>७९२।३।२३</td><td>जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण</td><td>१९९१४२।</td></tr>
<tr><td>७९३।३।२३</td><td>जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण</td><td>१९९१२८।</td></tr>
<tr><td>८००।३।२४</td><td>जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण</td><td>१९९७२७।</td></tr>
<tr><td>८२६।३।२५</td><td>कुखुला पालनको लागि कुखुरा वितरण</td><td>१०००००।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७५७।३।२०</td><td>जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण</td><td>१९९९२९।</td></tr>
<tr><td>७६०।३।२१</td><td>एकल महिलालाई कपडा वितरण</td><td>३४७१३६।</td></tr>
<tr><td>७६।१०।२६</td><td>वडा न ९ मा एचडी पाइप वितरण</td><td>२९९८२०।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५४४८८२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
बिल भरपाई :<br>
नगरपालिका शिक्षा तर्फ :<br>
बिल भरपाई : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ को उप नियमा ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई सलग्न हुनु पर्ने उल्लेख गरेको छ । नगरपलिकाको मिति ०७८।९।२७ निर्णयबाट निम्न विद्यालयहरुलाई फर्निचर खरिदको लागि गो भौ न ४।०७९।१।२३ बाट रु ६०००००। निकासा दिएको छ । फर्निचर खरिदको लागि निकासा दिएको रकमबाट खरिद गरेको सामानको बिल भरपाई र सम्वन्धित विद्यालयमा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ । अत : निम्न विद्यालयले खरिद गरेको सामानको बिल भरपाई तथा जिन्सी दाखिला नगरेकोले खरिद गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>क स</td><td>विद्यालयको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>१</td><td>मालिकार्जुन नमुना मा वी धाम</td><td>२०००००।</td></tr>
<tr><td>२</td><td>गाडीभवन मा वी थप्ला</td><td>२०००००।</td></tr>
<tr><td>३</td><td>हिमाल मा वी धौकोट</td><td>२०००००।</td></tr>
<tr><td></td><td></td><td>६०००००।</td></tr>
</table>
</td><td>६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **गत सालको भुक्तानी :**<br>**गत सालको भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ मा उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुकतानी दिन गरी महालेखापरीक्षकको स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण प्रमाणीत गराइ राख्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी दिन बाँकीको विवरण वेगर गत सालको रु ५८३५४८। खर्च लेखेको नियममवली अनुसारको विवरण राखी भुक्तानि दिनुपर्दछ । | |
| ५४ | | | **म्याद थप :**<br>**म्याद थप :** छापरी भ्यु टवार वरीपरी तारवार टवाइलेट लगायत अन्य संरचना निर्माण गर्नको लागि निर्माण व्यवसायी जय हुस्कर कन्स्ट्रक्सनसंग रु १०८७१९८। मा मिति २०२२ अप्रील १३ म सम्पन्न गर्ने गरी २०२१ डिसेम्वर ६ मा सम्झौता भएको छ । िनिर्माण व्यवसायीलाई रु ७०५९९५। भुक्तानी गरेको छ । निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगरेकोमा मिति ०७९।२।१५ सम्म म्याद थप भएको छ । उक्त म्याद थप अवधीमा निर्माण कार्य सम्पन्न नभएको म्याद थप पनि भएको छैन । सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नभएकोले सार्वजनिख खरिद ऐन तथा नियमावली अनुसार पुर्वनिर्धारीत क्षतिपुर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ कार्यालयले पहल गर्नुपर्दछ । | |
| ५५ | | | **कालो सुचिमा राख्ने :** | |

(क्रम ५३ को बिषय अन्तर्गतको तालिका)

| गो भौ न | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ९।०७८।७।१६ | काटै कल्चौडे झोपु गत वर्ष भुक्तानी | ३८६९४८। |
| १६।०७८।९।६ | नर्सरी निर्माण मुल्ला जेबलधारलाइ गत वर्षको भुक्तानी | १९६६००। |
| | जम्मा | ५८३५४८। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **कालो सुचिमा राख्रे** : ठेक्का न 03 । NCB/DADP/078/79 डुङ्गी क्षेत्रमा विकास निर्माण कार्यक्रम अन्तर्गत चार कोठे भवन तथा आरसीसि पुल लगायत निर्माण कार्य गर्नको लागि लागत अनुमान रु ९०३८४६१। लागत अनमान तयार गरी मिति ०७८।६।१३ मा सुचना प्राकासन भएकोमा इविडीङ्ग मार्फत ३ वटा फर्मले बोलपत्र पेश गरेको देखिन्छ । बोलपत्र मुल्याैकन समितिको मिति ०७८।७।२२ को निर्णय अनुसार सारभुत रुपमा सवै भन्दा घटी कवोल गर्ने निर्माण व्यवसायी बद्री ट्रेर्डस सेवाले पेश गरेको रु ५८६८६०५।८८ कबोल गरेकोले उक्त बोलपत्र स्वीकृत गर्ने निर्णय गरी सम्झौता गर्नको लागि पत्राचार गरेकोमा बोलपत्रदाताले उक्त कबोल गरेको रकम न्युन भएकोले निर्माण कार्य गर्न नसक्ने निवेदन दर्ता गरेकोले कार्यालयले उक्त निर्माण व्यवसायीको धरौटी रकम रु २५००००। जफत गरी राजश्व दाखिला गरी दोस्रो कम कबोल गर्ने निर्माण व्यवसायी जय हुस्कर कन्स्ट्रकसनले पेश गरेको रु ८९८६७७५। ४९ को लागत अनुमान हाराहरीको ०.५७ घटीको बोलपत्र स्वीकृत गरी सम्झौता गरेको छ । शुरुमा छनोट भएको निर्माण व्यवसायी बद्री ट्रर्डस सेवा निर्माण व्यवसायी सम्झौता गर्न नआउदा पालिकालाइ उक्त निर्माण कार्यमा रु ३११८१७०। बढि व्ययभार पर्ने गएको देखिन्छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ मा खरिद ऐनको दफा २७ अनुसार सार्वजनिक निकायले सारभुत रुपमा प्राभवाग्राही बोलपत्र स्वीकृतीको लागि छनोट भएकोमा खरिद सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्ष सम्म कालो सुचीमा राख्र सक्ने उल्लेख छ । छनोट भएको बोलपत्रदाता बद्री ट्रेडर्स एण्ड सप्लायर्स खरिद सम्झौता गर्न नआएकोमा कार्यालयले कालो सुचिमा राख्रको लागि खरिद अनुगमन कार्यालयमा पत्रचार गरेको नदेखियकोले निर्मण व्यवसायीलाई कालो सुचिमा राखनु पर्दछ । | |
| ५६ | | | **असुल गर्नुपर्ने :**<br>**असुल गर्नुपर्ने** : ठेक्का न ०७।०७८।७९ निसिल जेबलधार पौनेखोला सडक निर्माणको लागि निमार्ण व्यवसायी के बी निर्माणसंग रु ३४९५४३७। मा सम्पन्न गर्ने गरी मिति २०७८।१२।१ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण मिति २०७९।३।१८ मा सम्पन्न गरेकोमा निर्माण व्यवसायीलाई निर्माण कार्यको तथा जनशक्तीको विमा गर्नेको लागि पिएस आईटममा रु २००००। बिओक्युमा रहेकोमा निर्माण व्यवसायीले विमा नगरेकोमा विमा रु २००००। भुक्तानी दिएकोले उक्त रकमको भ्याट रकम सहित रु २२६०० असुल गर्नु पर्ने रु | २२,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **भवन निर्माण :**<br>**भवन निर्माण** : मालिकार्जुन माध्यामी विद्यालय धापको भवन निर्माणको लागि भारतीय दुतावासले ८० प्रतिशत र पालिकाले २० प्रतीशत व्यहोर्ने गरी निर्माण व्यवसायी राजेन्द्र निर्माण सेवा संग रु २५०८२१६०।६० भ्याट सहित मिति २०२१ अगस्त २४ मा सम्पन्न गर्ने गरी मिति २०२० जुन २४ मा सम्झौता भएको छ । सम्झौत अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरेकोमा पालिकाले सम्झौता अनुसार रकम भुक्तानी दिनु पर्नेमा रु २५१३९८०६। भुक्तानी दिएको छ । निर्माण व्यवसायीलाई सम्झौता भन्दा रु ५७६४६। बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | ५७,६४६ |
| ५८ | | | **वितरणमुखी योजना :**<br>**वितरणमुखी योजना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष समानीकरण बजेटबाट नगरपालीकाको पुजिगत तर्फ रु ७८३५७४३६। विभिन्न योजनामा सभाबाट बजेट विनियोजन गरी खर्च गरेको छ । सभाबाट स्वीकृत बार्षिक नगरपालीकाको विकास योजना २०७८।७९ को अध्ययन गर्दा १ लाख सम्मका योजना २३८ वटा १ लाख देखि २ लाख सम्मका ६९ वटा २ लाख देखि ५ लाख सम्मका ४० वटा योाजनामा बजेट स्वीकृत गरी सञ्चालन गरेको योजनामा न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेकोले निर्माण गरेका संरचनाहरुको प्रभवाकारीं रुपमा अनुगमन गर्न कठीनाइ हुने हुदा गुणस्तरीय निर्माण कार्य भएको छ भनि भन्न सक्ने आधार देखिएन । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ती वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनबाट प्रतिफल भन्दा चालु प्रकृतीका कार्यमा बढि खर्च भई लागत प्रभावाकरी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ । | |
| ५९ | | | **जिन्सी दाखिला :**<br>**जिन्सी दाखीला** : आर्थिक कार्यविधि तथा वित्तीय नियमावली २०७७ को नियम १०० मा प्रत्येक कार्यालयले खरिद गरेका जिन्सी मालसामानको परीमण र मुल्य समेत खुलाई जिन्सी सामानको श्रेस्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । गो भौ न ११।०७८।९।२ बाट पालिकाले वडाको बजेटबाट ल्यापटप २ वटा खरिद गरी रु | ४७०,६०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१९६६००। र गो भौ न ३४।०७८।९।२७ बाट खरिद गरेको मोटर साइकल रु २७४०००। समेत रु ४७०६००। खर्च लेखेकोमा उक्त खरिद गरेको ल्यापटप र मोटर साइकल पालिकाको जिन्सी खातामा आम्दानी बाधी वडा कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेमा वडा कार्यालयमा दाखिला गरेकाले पालिकाको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>ओभरहेड खर्च :<br>ओभरभेड खर्च : सार्वजनिक खरिद नियावली २०६४ को नियम ४ मा उपभोक्ता समिति वा लाभग्राहीलाइ निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको ओभरहेड कट्टा गरेर भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले धौलीगाँड सडक निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार निर्माण कार्य गरेकोमा ओभरहेड कट्टा गरेर भुक्तानी दिनु पर्नेमा निम्न आईटममा ओभरहेड समेत समावेश गरी रु ८७५८६। बढी भुक्तानी दिएकोले उक्त रकम असल गर्नुपर्ने रु
<table>
<tr><th>ग भौ न</th><th>कामको विवरण</th><th>परिमाण घनमिटर</th><th>भुक्तानि दिनुपर्ने दर</th><th>भुक्तानी दिएको दर</th><th>बढिभुक्तानी</th></tr>
<tr><td>३२।०७८।९।२६</td><td>stone soling works</td><td>22.50 m3</td><td>2386.50</td><td>2923.74</td><td>१२०८८।</td></tr>
<tr><td></td><td>PCC works 1:2:4</td><td>33m3</td><td>15252.13</td><td>17539.95</td><td>७५४९८।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>८७५८६।</td></tr>
</table></td><td>८७,५८६</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>अमानतबाट निर्माण कार्य :<br>अमानतबाट निर्मण कार्य : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पुर्व स्वीकृत लिनु पर्ने र अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपैयामा नबढाई निर्माण कार्य गराउन सक्ने उल्लेख छ । पालिकाले वडा न ४ विभिन्न निर्मण कार्य अमानतबाट</td><td>२७१,००२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराई रु २७१००२। खर्च लेखेको छ । अमानतबाट निर्माण गराउदा एक माथिको अधिकारीको स्वीकृत नलिएको खरिद नियमावलीको नियममा उल्लेख सिमाभन्दा रकमको निर्माण कार्य गराई खर्च लेखेको अनियमित देखिएको रु | |
| ६२ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्धिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।यस पालिकाले बैंक मार्फत रु. वितरण गरेको छ । बैंकमा कार्यालयबाट तीन चौमासिकमा निकासा गरी लाभग्राहीको सम्मपूर्ण विवरण सहित फरवाड फिड बैकलाई दिएकोमा लेखापरीक्षण अवधि सम्म पनि उक्त विवरण रिभर्स गरेको देखिएन । लेखापरीक्षणको क्रममा कार्यालयबाट ताकेता गर्दा सवै रकम लाभग्राहीको बैक खातामा पठाएको भनि पत्र पठाएको देखियो । यसले गर्दा के कति लाभग्राहीको खातामा रकम पठाएको र के कति बाँकी छ सोको जानकारी लिई समयमै रकम लाभग्राहीको खातामा हालि बाँकि रकम फिर्ता गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **पारीश्रमीक तथा स्थानीय भत्ता** | |
| ६३.१ | | | नगरपालिकाले देहाय बमोजिमका करारका कर्मचारीहरुलाई स्थानीय भत्ता दिएको देखिन्छ । करारका कर्मचारीहरुलाई स्थानीय भत्ता दिन पाउने आधार नदेखिएकोले के आधारमा स्थानीय भत्ता दिएको हो आधार पेश गर्ने रु ११४२००।००<br><br><table><tr><td>क्र सं</td><td>पद नाम</td><td>स्थानीय भत्ता</td><td>महंगी भत्ता</td><td>जम्मा</td></tr></table> | ८१६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ईन्जिनियर प्रकाश साहु | १३५००० | | १३५००० |
| २ | स ई राजेन्द्र प्रसाद भट्ट | ८८२०० | | ८८२०० |
| ३ | स ई राजेन्द्र सिंह धामी | ८८२०० | | ८८२०० |
| ४ | स ई पुष्पराज अवस्थी | ८८२०० | | ८८२०० |
| ५ | स ई चन्द्र देव भट्ट | ८८२०० | | ८८२०० |
| ६ | क अ करण सिंह धामी | ८८२०० | | ८८२०० |
| ७ | नासु टिकेन्द्र प्रसाद अवस्थी | ८८२०० | | ८८२०० |
| ८ | सर्वेक्षक धर्मेन्द्र सिंह बोहरा | ७३८०० | | ७३८०० |
| ९ | हसचा हरि सिंह बोहरा | ५४००० | २४००० | ७८००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>पालीकामा सरसफाइकर्मीका रुपमा करार सेवामा कार्यरत ४ सुपरभाइजर र २६ जना कुचीकारहरुलाइ मासिक १००००।०० का दरले पारीश्रमीक भुक्तानी गर्ने गरेकोमा निजहरुले गरेको काम तथा मासिक प्रमाणीत हाजीर विवरण संलग्न नरहेको ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>पदाधिकारीको कर्मचारी सुविधाः<br>सुदुर पश्चिमाञ्चल प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा यस प्रदेशका स्थानिय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाहकार र सचिवालय सहायक राख्न पाउने ब्यवस्था गरेको छैन । त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को ८ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने कुरा उल्लेख छ तर नगरपालिकाले कानुनी सल्लाहकारको रुपमा अधिकृत स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री हरिषचन्द्र जोशीलाई नियुक्ति गरी मासिक ३७,९९०/- तलब र ११,२५०/- महंगी भत्ताका दरले भुक्तानी भएको छ भने सचिवालय सहायकका रुपमा करार सेवा शुल्क बाट भुत्तानी हुने गरि जिवन प्रसाद भट्ट र लोकेन्द्र सिह बोहरा लाइ नियुक्त गरि मासिक रु १५०००।०० का दरले पारिश्रमिक भुत्तानी गरेको छ । यसरी नियम वितरित भुक्तानी भएको रकम नियम संगत नदेखिएको रु</td><td>९२०,७७०</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>बैठक भत्ता :<br>अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्य संचालन निर्देशिका २०७७ को बुदाँ नं.७.१.१ को ६ मा बैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना सम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्ने सकिने ब्यवस्था रहेकोमा नगरपालिकाले विभिन्न मितीमा बैठक बसी आमन्त्रित सदस्यका रुपमा ३ जना भन्दा बढीलाई बैठक भत्ता वितरण गरेको छ । यसरी कार्य संचालन निर्देशिकाले तोकेको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकोले असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु....<br><table><tr><th>गो भौ नं।मिती</th><th>बैठकको विवरण</th><th>बैठक संख्या</th><th>आमन्त्रीत सदस्य</th><th>असूल गर्नुपर्ने</th></tr></table></td><td>७४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१७।२०७८।९।२५</td><td>राजश्व परामर्श समितीको बैठक</td><td>२</td><td>१२</td><td>६ जना बाट १५०० का दरले ९०००</td></tr>
<tr><td>३९१।२०७८।११।२६</td><td>न्यायीकसमितीको बैठक</td><td>८</td><td>४४</td><td>२० जना बाट १५०० का दरले ३००००।००</td></tr>
<tr><td>११९।२०७८।९।१</td><td>विधायन समितिको बैठक</td><td>८</td><td>५९</td><td>३५ जना बाट १००० का दरले ३५०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार<br>प्रधानमन्त्री रोजगार (यूवा रुपान्तरणको लागि पहल समेत ) कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ बमोजिम पालिकामा सूचिकृत बेरोजगार व्यक्ति १३८२ (मध्ये महिला ८२२ समेत) छनौट गरि महिला २१६ सहित ३०४ जनालाई ३६ योजनाको श्रममा आधरीत वडागत रुपमा छानी रु १६९६९५७०।०० मूल्यांकन गरि मूल्यांकनको आधारमा ३०४ जनालाई १०० दिने रोजगारीले हुने रु १ करोड ६८ लाख दिएको देखियो । बाकी १०७८ सूचिकृत बेरोजगारलाई पालिकाको अन्य काममा तालिम दिएर रोजगारीको व्यवस्था नगरेकोले श्रममा आधारीत रोजगार समानता र न्यायिक देखिएन । न्यायिक व्यवस्थाको लागि रोजगारको व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>विविध खर्चः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले यस वर्ष नगरपालिका चालु तर्फबाट विविध खर्च शिर्षकमा रु खर्च गरेको छ ।विविध खर्चका कुनैपनि बिलहरुमा अर्डर स्लिप, खर्चको प्रयोजन खुल्नेव्यहोरा तथा कार्यालय प्रमुखले प्रमाणित गर्ने गरेको पाइएन । उदाहरण<br>
<table>
<tr><td>गो भौ नं</td><td>आपूर्तीकर्ता</td><td>रकम</td></tr>
<tr><td>९।२०७८।६।१४</td><td>हाम्रो खाजा घर</td><td>३९५५०।००</td></tr>
<tr><td>११२।२०७८।९।१</td><td>लक्ष्मी होटल</td><td>२००००।००</td></tr>
<tr><td>११३।२०७८।९।१</td><td>दिपेन्द्र सिह कुवर</td><td>२७०००।००</td></tr>
<tr><td>१५२।२०७८।९।५</td><td>केशव दत्त बडु</td><td>१९०००।००</td></tr>
<tr><td>१८७।२०७८।९।१९</td><td>महरा होटल</td><td>३८३१०।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>नन्फाइलर<br>
नन्फाइलर–मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.५६०४६६। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५२।०७९।३।२५</td><td>श्री दर्शन निर्माण सेवा</td><td>६०५८८१४४८</td><td>४४७८५००</td><td>५१५२२६</td><td>२०७८।M।९</td></tr>
<tr><td>१८२।२।९</td><td>शुभलक्ष्मी मल्टि ट्रेड एण्ड सप्लायर्स</td><td>१२०२६२५४६</td><td>१३५०००</td><td>१५६००</td><td>२०७८।M।५</td></tr>
<tr><td rowspan="2">६१।२०७८।९।७</td><td rowspan="2">लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स</td><td rowspan="2">३०१७८२११९</td><td>१२८९९०</td><td>१४८४०</td><td rowspan="2">२०७८।M।९</td></tr>
<tr><td>१२८८२०</td><td>१४८२०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५६०४६६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>स्थानीय भत्ता<br>स्थानीय भत्ताः विपद व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७५ ले पालिका भित्र विपद व्यवस्थापनमा सहयोगका लागि प्रति वडामा ३ जनाका दरले स्वयमसेवक राख्ने र समन्वयको लागि ६ जनाको एक टोली गठन गरी उनिहरुको पारिश्रमिक नगर कार्यपालिकाले तोके अनुसार मासिक सहायक स्तरको कर्मचारीले पाउने स्केलको तलव पाउने गरी व्यवस्था गरेको छ । पालिकाले विपद व्यवस्थापन संयोजक श्री भुनव जोशीलाई कार्यपालिकाले तोकेको भन्दा बढी हुने गरी सम्झौतामा</td><td>७३,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय भत्ता पाउने गरी मासिक रु.६१५०। का दरले रु.७३८००। भुक्तानी गरेको छ । तोके भन्दा बढी भुक्तानी गरेकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु | |
| ७० | | | **जिन्सी अद्यावधिक नगरेको**<br>जिन्सी अद्यावधिक नगरेकोः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ तथा महालेखा नियन्त्रक कार्यालयले तयार पारेको सफ्टवयर PAMS अनुसार जिन्सी मालसामानको विवरण (स्पेसिफिकेशन) र मूल्य समेत खुलाई सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी किताव तथा सफ्टवयर परिक्षण गर्दा हाल सम्म कार्यालयबाट खरिद गरेका तथा वडा कार्यालयबाट खरिद भएका र अन्य विषयगत शाखाबाट खरिद भएका मालसामानहरु सम्बन्धित शाखामा नै जिन्सी खातामा आम्दानी बाध्ने तथा सहायक जिन्सी खाता, मर्मत खाता जस्ता खाताको अद्यावधिक नगरी राखेको र हाल सम्म जिन्सी निरीक्षण समेत गरेको देखिएन । यसले गर्दा मालसामान हराउन सक्ने र के कुन हालतमा रहेको बारे जानकारी समेत नहुने हुनाले नियमानुसार समयमै खाता अद्यावधिक गर्ने र जिन्सी निरीक्षण गरी यथार्थ विवरण सहित जिन्सी अद्यावधि गर्नुपर्ने देखिन्छ । | |
| ७१ | | | **मर्मत कोषबाट छात्रवृति**<br>मर्मत कोषबाट छात्रवृतिः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९७ अनुसार आफ्नो क्षेत्रभित्रका पूर्वाधारहरुको मर्मत सम्भार गर्ने अधिकार अनुसार स्थापना भएको मर्मत सम्भार कोषबाट अन्य खर्च गर्न मिल्ने देखिदैन । पालिकाले शिक्षा कोषबाट भुक्तानी गर्ने भनि कार्यपालिकाले निर्णय गरेकोमा उच्च शिक्षा अध्ययनको लागि प्रेम दत्त भट्टलाई रु.१०००००। र एस.ई.ईमा उत्कृष्ठ नतिजा ल्याउने चन्द्रकला अवस्थीलाई रु.२५०००। गरी रु.१२५०००। खर्च लेखेकोले कार्यक्रमको मर्म अनुसार नभएको नियम सम्मत नदेखिएको रु. | १२५,००० |
| ७२ | | | **राष्ट्रीय मा वि भवन निर्माण** | |
| ७२.१ | | | गौ भौ नं ४।२०७८।९।४ र ६५।२०७९।३।२५ सार्वजनिक खरिद (११ संशोधन) नियमाली २०७८ को नियम १२३ मा करारको शर्त प्राविधिक नापमा उल्लेख भएको वास्तविक कार्यको भुक्तानी दिनु पर्ने व्यवस्था छ । राष्ट्रीय मा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वि भवन निर्माण दत्तुको भवन निर्माण ६।०७७।०७८ को लागत अनुमान रु ७३१४८३५।०० मु अ कर बाहेक मिति २०७८।२।७ मा सुरु गरि २०७९।२।२८ मा सम्पन्न गर्ने गरि मिति २०७८।१।२८ मा हुनैनाथ रानिवास निर्माण सेवा संग (६०६८०४४४६ ) सम्झौता गरी यो वर्ष तेश्रो र अन्तिम बिल वापत ३००८२९१।०० मु अ कर सहित भुत्तानी गरेको पाईयो । सो को अधिलेख परिक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ । | |
| ७२.२ | | | फलामे डण्डीको काम आईटम नं ११ मा १४.२०३ मेट्रीक टन प्रति टन रु १०४०००।०० दरले रु १४७७२०२।४८ मु अ कर बाहेक खर्च लेखेकोमा करारको शर्त र प्राविधिक नापजाँच अभिलेख नराखी खर्च लेखेकोमा खर्चको आधार प्रमाण पेश गर्नुपर्दछ । | |
| ७२.३ | | | ढुङ्गा विच्छ्याउने काम क्रम संख्या ३३ को दर ३००० र सोही प्रकृतिको क्रम संख्या ७ मा रु२५००।०० प्रतिघन मिटरले भुक्तानी गरेकोले प्रतिघन मिटर रु ५००।०० को दरले ५.३४ घनमिटरको बढी भुक्तानी गरेको मूअकर समेत असूल गर्नुपर्ने रु | ३,०१७ |
| ७२.४ | | | पिसीसी (एम १०) काम क्रम संख्या ३४ को दर ६०००।०० र सोही प्रकृतिको क्रम संख्या ८ मा रु५००।०० प्रतिघनमिटरको दरले भुक्तानी गरेकोले क्रम संख्या ३४ मा ३.९६ घनमिटरको रु१००० को दरले मूल्य अभिवृद्धी कर समेत बढी भुक्तानी असूल गरी दाखिला गर्नु पर्ने रु | ४,४७५ |
| ७३ | | | **अनुगमन र प्रवाभकारिता विश्लेषण**<br>आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ बमोजिम अनुगमन गर्नु पर्ने व्यवस्था छ । खरमुक्त छाना अभियान अन्तर्गत पालिकाले देहाएको भौचर बाट अन्तिम किस्ता रु २००००।०० प्रतिघर परिवार अनुदान निकासा गरेकोमा निरन्तर अनुगमन र प्रवाभकारिता विश्लेषण गरेको देखिएन। अनुगमा गरि प्रभावकारीता समीक्षा हुनुपर्दछ ।<br>गो भौ नं मिति \| परिवार संख्या \| दर \| रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८।०७८।९।१९</td><td>१२</td><td>२००००</td><td>२४००००।००</td></tr>
<tr><td>१५।०७८।१०।१६</td><td>६</td><td>२००००</td><td>१२००००।००</td></tr>
<tr><td>१७।०७८।१०।२६</td><td>२</td><td>२००००</td><td>४००००।००</td></tr>
<tr><td>१८।०७८।११।३८</td><td>२</td><td>२०००</td><td>४००००।००</td></tr>
<tr><td>जम्मा</td><td>२२</td><td></td><td>४४००००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>डड्या कटाल थामु घौकाटे सडक निर्माण</td><td></td></tr>
<tr><td>७४.१</td><td>१४</td><td>२०७८-९-३०</td><td>सार्वजनिक खरिद ( एघारौ संशोधन) नियमावली २०७८ को नियम १२३ बमोजिम करारको शर्त र प्राविधक नापमा उल्लेख भएको वास्तविक कामको भुक्तानी दिनुपर्ने व्यवस्था छ । डड्या कटाल थामु घौकाटे सडक निर्माण महाकाली नगरपालिका ८ को ठेक्का नं ५।०७७।७८ को १९८६.५४० मिटर सडक ट्र्याक एवं पूर्वाधार निर्माणको लागत अनुमान मुल्य अभिवृद्धि कर बाहेक रु १८४७३९९२।०० तयार गरि प्रतिस्पर्धा गराउदा रु १९२९०५५७।८७ मु अ कर बाहेकको प्रस्ताव मिति सूरु गरी मिति मा सम्पन्न गर्नेगरी मिति मा राजेन्द्र नमस्कार जे भी संग (६१५१९१५०४) संझौता भएको पाईयो । यो आयोजनाको स्रोत संघीय समपूरक कोष र नगरपालिका कोषबाट संचालन हुनेछ । यो वर्ष दोस्रो विल वापत रु १६६०३८२।०० मू अ कर समेत भुक्तानी गरेको छ । सो सम्बन्धी अभिलेख परिक्षण गर्दा देखिएको व्यहोरा देहाए बमोजिम छ ।</td><td></td></tr>
<tr><td>७४.२</td><td></td><td></td><td>प्रभावग्राही : सार्वजनिक खरिद (एघारौ संशोधन) नियमावली २०७८ को नियम ६१(६) मा सारभूत प्रभावकारी बोलपत्र छनौट गरी मूल्य अभिवृद्धी कर बाहेकको कवोल अंक तुलना गरी लागत अनुमानमा असर हुनु हुदैन । पालीकाको ठेक्का ५।०७७।७८ को ठेक्काको मू अ कर र कन्टीन्जेन्सी बाहेक रु १८४७३९९२।०० लागत, निमित्त प्रमुख प्रशासकीय अधिकृतले प्रमाणिकरण गरि राजेन्द्र निर्माण सेवाको मू अ कर बाहेकको प्रस्ताव रु १९२९०५५७।०० स्वीकार गरी</td><td>८१६,५८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्य सम्झौता गरेकोले बोलपत्र सारभूत प्रभावकारी नभएको राजेन्द्र नमस्कार सिद्धार्थ जेभी संग लागत अनुमान भन्दा रु ८१६५८५।०० बढीको प्रस्ताव स्विकार गरेकोले छानविन गरि कार्य गराउनु पर्ने रु</td><td></td></tr>
<tr><td>७४.३</td><td></td><td></td><td>भेरिएसन: सार्वजनिक खरिद (एघारौ संशोधन) नियमावली २०७८ को नियम ११८(३ख) मा प्राविधिक पुष्टाई र कारण खुलाई सम्झौता भन्दा बढी कार्य गराउन भेरिएसन गरी काम गराउनु पर्ने व्यवस्था छ । राजेन्द्र नमस्कार सिद्धार्थ जेभीलाई देहाएको काममा सम्झौता भन्दा बढी परिमाण काम गराउदा भेरिएसन स्विकृत नभएको र प्राविधिक पुष्टाई र कारण समेत उल्लेख नभएकोले बढी परिमाणको भुक्तानी मूअकर समेत रु ८८५९२०। खर्च लेखेको प्राविधिक पुष्टयाइ सहित भेरीएसन गरेको प्रमाण पेश गर्ने रु
<table>
<tr><th>क्र सं</th><th>काम</th><th>संझौता परिमाण</th><th>काम परिमाण</th><th>बढी</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>४ए- ३x१ x१ ग्याविन</td><td>७०</td><td>११०</td><td>४०</td><td>१४५००</td><td>५८००००</td></tr>
<tr><td>२</td><td>४सी- १.५x१x१ग्याविन</td><td>८३</td><td>१०७</td><td>२४</td><td>८५००</td><td>२०४०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td colspan="2">मुअकर बाहेक जम्मा</td><td>७८४०००।००</td></tr>
</table></td><td>८८५,९२०</td></tr>
<tr><td>७४.४</td><td></td><td></td><td>आयोजनामा सुस्तता : देयाकटाल थापु धौकोट सडक निर्माण कार्य राजेन्द्र नमस्कार सिद्धार्थ जेभीले ५।०७७।७८ को ठेक्का सम्झौतामा रु १८३८८१७९।०० मा सम्झौत गरेकोमा २०७८।९।३० सम्म रु १२०३३३७१।०० मुअकर बाहेक खर्च गरेकाले रु ८३५४८०८।०० कूल सम्झौताको ३४.५६ प्रतिशत काम अधुरो राखेको पाईयो । सो काम समयमा सम्पन्न गरी आयोजना हस्तान्तरण गर्नु पर्दछ । पालिकाले समयमा कार्य सम्पन्न गर्न पहल गरेको देखिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४.५</td><td></td><td></td><td>ग्यापविन तौल: दैया कटाल थार्पु घौकोट सडक आयोजनाको दर विश्लेषण अनुसार ग्यापविन वम्स मेसिन निर्मीत १०x१२ साईजको बढी दरले मुल्याकंन गर्दा ढुवानीमा बढी लागत भार परेको रकम निर्माण व्यवसायी सँग असूल गर्नु पर्ने रु</td><td>५१,३०२</td></tr>
<tr><td>७४.६</td><td></td><td></td><td>Roadway excavation कामको मेसिनद्धारा दर विश्लेषणमा लिफ्ट र वाटरिङ भनी हाईड्रोलिक स्काभेटर प्रतिघण्टा ३७३९।०० को दरले गणना गरेको पाईयो । हाईड्रोलिक स्काभेटरको क्षमता न्यून राखे र बढी क्षमताको प्रयोग हुदा दर विश्लेषण र नापीमा प्रयोग भएको स्काभेटरले गरेको कार्यको मूल्याकंन तुलना गरि थप छलफलबाट फरक पर्ने दर निर्धारण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>विद्यालय भवन निर्माण</td><td></td></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>४ सार्वजनिक खरिद ( एघारौ संशोधन) नियमावली २०७८ को नियम १२३ मा सम्झौताको शर्त र प्राविधिक नापमा उल्लेख भएको वास्तविक कामको खर्च लेख्नु पर्दछ । हुष्कर माध्यमिक विध्यालय भवन निर्माण वडा नं ३ को ठेक्का नं ९।०७७।७८: १० कोठे ३ तले भवन को लागत अनुमान मूअकर बाहेक रु २५२१३६५९।०० तयार गरि प्रतिष्पर्धा गराउदा रु २४८९१६४३।९९ को मूअकर बाहेकको प्रस्ताव मिति २०७८।३।४ मा राजेन्द्र नमस्कार सिद्धनाथ जे भी (६१५१९१५०४) संझौता भएको पाईयो । भवन निर्माण काममा यो वर्ष सम्म देहाय बमोजिम भुक्तानी गर्दा गत वर्षको पेश्की फछ्र्यौट गरेको पाईयो ।
<table>
<tr><th>विल नं</th><th>गो भौ नं र मिति</th><th>पेश्की फछ्र्यौट</th><th>खर्च रकम</th><th>विल रकम</th></tr>
<tr><td>प्रथम</td><td>२०।२०७८।११।१५</td><td>४८४८०५५।००</td><td>१०३०४२१४।००</td><td></td></tr>
<tr><td>दोस्रो</td><td>३१।२०७९।१।८</td><td></td><td>४६३८०६१।००</td><td></td></tr>
<tr><td>तेश्रो</td><td>६२।२०७९।३।२५</td><td></td><td>७९०००००।००</td><td>६९९११५३।००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५.२ | | | **फर्मा :** बोलपत्र कागजातमा फर्माको का १३८३.३० वर्गमिटर राखी तेश्रो विल सम्म १८६४.६२ वर्गमिटर नापी अनुसार रु१३४२३९०।०० खर्च लेखेको छ । लागत अनुमान तयार गर्दा पिल्लर विम र स्ल्याव आदीमा ४८१.३२ वर्गमिटरको लागतमा छुटेको प्रतिवर्गमिटर रु १०००।०० को दरले रु ४८१३२०।०० भेरियसन नगरी परिमाण वृद्धिगरी भुक्तानी दिएको अनियमित देखिएको रु | ४८१,३२० |
| ७५.३ | | | **बढी भुक्तानी :** फर्माको दर विश्लेषणमा प्रतिवर्ग मिटर रु १३५६।३० दरले हुने उल्लेख गरी लागत अनुमान तयार गरेको पाईयो । फर्मामा काठ र प्लाई २५% बाकी हुने र ६ पटक प्रयोग हुने नम्समा उल्लेख भएकोमा बजार मूल्यमा २५ प्रतिशत कट्टा गरि ६ भागको एकभागको गणना गर्नुपर्नेमा वजार दरनै राख्दा ८४१.४५ प्रतिवर्ग फुट हुनुपर्नेमा रु १३५६।३० को दरले लागत अनुमान राख्दा कुल काम १८६४।६२ को रु५१४।८५ को दरले रु ९५९९९।६० र सोको मूअकर सहित बढी भुक्ती भएकोले एकीन गरी असूली वा कारवाही गर्नुपर्ने रु | १,०८४,८०० |
| ७५.४ | | | **स्टीलको काम :** भवन निर्माणको २० क्रमसंख्यामा ३७१४६.०१ के जी फलामे डण्डी प्रयोग भएको भनी रु ५५७१९०१।५० मूअकर बाहेक भुक्तानी गरेको छ । प्रयोग भएको भनी रु ५५७१९०१।५० मूअकर बाहेक भुक्तानी गरेको छ । प्रयोग भएको फलामे डण्डीको नापजाँच गरेको छैन । वार तालिका र प्रयोग भएको फोटो र प्राविधिक नापजाँच पेश नगरेकोले यकिन गरी प्रमाण पेश गर्नुपर्दछ । | |
| ७५.५ | | | **ईटाको पर्खाल:** ईटाको पर्खाल दोस्रो तलाको समेतको २६३.३९ घनमिटरको रु २४०००।०० का दरले ६२९७३६०।०० मूअकर बाहेक भुक्तानी गरेको छ । पालीकाले लागत अनुमान अनुसार दोश्रो तलाको ४१.६० घनमिटर लाग्नेमा १८०.४३ घनमिटर काम गरेको भनि नापी तयार गरी वास्तविक भएको काम ४०.४५ घनमिटर कट्टा गरि बाँकी १३९.९८ र ०.९७ थप घनमिटर समेत १४०.९५ घनमिटर नभएको कामको भुक्तानी दिएको निर्माण व्यवसायीबाट प्रतिघन मिटर रु २४००।को मु अ कर समेत असूल गरी दाखिला गर्नुपर्ने रु | ३,८२२,५६४ |
| ७५.६ | | | भवन निर्माण फाउण्डेशनमा ढुङ्गाको गाहो लगाई लागत न्यून गर्नुपर्नेमा ईटाको पर्खाल लगाई ८.७६ घनमिटरको हुने रु २१०२४०।०० उचित नदेखिएकोले लागत बढेको अवस्था हुँदा नियमित गर्नु पर्ने रु | २१०,२४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५.७ | | | **ईटा उपयोग:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा नम्स अनुसार वास्तविक कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको दर विश्लेषणमा ५६० ईटा प्रयोग गरि प्रति ईटा २९।६१ को दरले समावेश गरेको पाईयो । तराईको ईटा १ जोडाईको मसला समेत २५० सिम १३० सिम र ८० सिम साईजको निर्माण हुँदा करिव ४१५ गोटा ईटाले पुग्नेमा ५६० गोटा ईटा प्रयोग भएको नदेखिदा १४५ प्रतिघनमिटर ईटा बढी हुँदा प्रतिगोटा २९.६१ ओभरहेड र मुअकर समेत रु ३८।४७ को दरले २७०.१८ घनमिटरको प्रतिघन मिटरको १४५ ले हुने बढी हुने भएकोले कार्यालयले यकिन गरी भुक्तानी दिनुपर्दछ । | |
| ७५.८ | | | **पानीको शुल्क:** भवन निर्माण स्थल विद्यालय भएकोले धाराको पानीको व्यवस्था भए पनि दर विश्लेषणमा देहाएको काममा पानीको रकम राखेकोले लागत बढेको अवस्था देखिदा उचित पुष्टाई पेश गर्नु पर्दछ | |

| कार्यको विवरण | घनमिटर | प्रतिघन मीटर मूल्य | जम्मा पानी रु |
|---|---|---|---|
| फिलिङ गर्ने काम | २५२.१५ | १.३० | ३२७ |
| १:६ ब्रिकको काम | ८.७६ | २५.९९ | २२७ |
| १:४ ब्रिकको काम | ३६१.४२ | २३.७८ | ८८३२ |
| १:६ ढुङ्गाको गाह्रा | ८.७६ | १८.१९ | १६० |
| M/0 | ३८.६५ | ४८.३४ | १८६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |
| ७६ | | | **स्टीलमा बढी भुक्तानी**<br>५।२०७८।६।१५ मालिकार्जुन मोडेल सेकेन्डरी स्कुल धाप, पालिका र भारतिय दुतावासको लगानीमा ठेक्का नं १०।०७६।०७७ श्री राजेन्द्र निर्माण सेवा बाट गराई दोश्रो वीलवापत रु ५०४४७३४।९९ भुक्तानी गरेको पाईयो । स्टीलको कामको नापी किताबअनुसार १५५०के जी ५ प्रतिशत खेरजाने भनी ३०९९६.४८ मा थप गरि भुक्तानी गरेको नपाउने हुदा प्रति केजी रु ११५।०० को दरले हुने रु१७८२५०।०० मूअकर समेत हुने रु २०१४२३।०० असूल गरी दाखिला गर्नुपर्ने रु | २०१,४२३ |
| ७७ | | | **विद्यालय भौतिक पूर्वाधार**<br>कार्य सम्पन्न नभएको : विद्यालय भौतिक पूर्वाधार (राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम) आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ बमोजिम अनुगमन गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाइ भवन निर्माणको लागि रु १७००००००। निकासा दिएकोमा उक्त रकमबाट भवन निर्माण सम्पन्न नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने | १७,०००,००० |

| | | | |
|---|---|---|---|
| M/5 | १६.२३ | ६०.४२ | ९८०.७६ |
| M/20 | २३४.९६ | ८०.५६ | १८९३०.५९ |
| | जम्मा | | ३१३२४।०० |

| विद्याालियको नाम | कामको विवरण | निकासा रकम |
|---|---|---|
| मालिकार्जुन नमुना मा वि धाप | नमुना विद्यालय सुधार गुरुयोजना | ८००००००। |
| दुर्गा लाटिनाथ आधारभुत विद्यालय भखोली | २ कोठे भवन निर्माण | १८०००००। |
| मालिकार्जुन आ वि सकर | ४ कोठे भवन निर्माण | ३६०००००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जापमूल आ वि जापमूल — २ कोठे भवन निर्माण — १८०००००।<br>सरस्वती आ वि मूल्ले — २ कोठे भवन निर्माण — १८०००००।<br>जम्मा — १७००००००। | |
| ७८ | | | **क्षेत्रगत खर्च**<br>प्राप्त स्थानीय संचितकोष व्यवस्थापन प्रणाली अनुसार विषयगत क्षेत्रगत खर्चको अवस्था देहाय बमोजिम छ ।<br>रु हजारमा | |

| | | |
|---|---|---|
| जापमूल आ वि जापमूल | २ कोठे भवन निर्माण | १८०००००। |
| सरस्वती आ वि मूल्ले | २ कोठे भवन निर्माण | १८०००००। |
| जम्मा | | १७००००००। |

रु हजारमा

| क्षेत्रगत विवरण | बजेट | खर्च | खर्च % | संरचना % |
|---|---|---|---|---|
| आर्थीक विकास | ३६५९० | २४२८६ | ६६ | ५.०६ |
| सामाजिक विकास | ३३९७३८ | २९१९४८ | ८६ | ६०.८५ |
| पूर्वाधार विकास | ५०७७५ | ३७८७८ | ७४.५९ | ७.९० |
| सुशासन क्षेत्र | ३७५४ | ३५३४ | ९४ | ०.७४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रशासनिक र कार्यालय संचालन</td><td>१३५०८२</td><td>१२२१२७</td><td>९०.४१</td><td>२५.४५</td></tr>
<tr><td>जम्मा</td><td>५६५९३९</td><td>४७९७७३</td><td></td><td>१००</td></tr>
</table>
माथीको तालिकामा सामाजिक विकास करिब ६१ प्रतिशत र प्रशासनिक व्यवस्थामा २५ समेत ८६ प्रतिशत खर्च गरेको देखिन्छ । प्रशासनिक व्यवस्थामा खर्च कटौटी गरी सेवा विस्तारीत गर्न जरुरी छ । खर्चबाट भएको जिविकोपार्जन आय र राजश्व वृद्धिको रमेत आकंलन गर्ने व्यवस्था हुनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>
क्षमता मुल्याङ्कन<br>
क्षमता मुल्याङ्कनः- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LTSA) 2077/078 को प्रारम्भिक नतिजा देहाय बमोजिम देखिएकोमा स्वनतिजा सुधार गर्ने क्षेत्रगत बजेट र खर्चको मानक सहितको योजना नहुँदा योजना बनाएर पालिकालाई अब्बल बनाउन पर्ने स्वेच्छा वित्तिय बजेट पूर्वाधार र समावेशीकरण साथै समन्वय सहकार्यमा सुधार गर्नुपर्ने अवस्थामा समग्र शासकिय प्रणालीको प्रतिनिधित्व गरेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र</th><th>पूर्णाङ्क</th><th>प्राप्ताङ्क</th><th>प्राप्त अनुपात</th></tr>
<tr><td>१</td><td>शासकीय प्रवन्ध</td><td>9</td><td>7.25</td><td>0.1567</td></tr>
<tr><td>२</td><td>बजेट तथा अनुगमन</td><td>11</td><td>4.5</td><td>0.0972</td></tr>
<tr><td>३</td><td>बीत्तीय एवं आर्थिक</td><td>11</td><td>5</td><td>0.1081</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>४</td><td>सेवा प्रबाह</td><td>16</td><td>9.5</td><td>0.2054</td></tr><tr><td>५</td><td>न्यायिक कार्य</td><td>7</td><td>5</td><td>0.1081</td></tr><tr><td>६</td><td>भौतिक पूर्वाधार</td><td>13</td><td>3.5</td><td>0.0756</td></tr><tr><td>7</td><td>सामाजिक समावेशीकरण</td><td>10</td><td>3</td><td>0.0648</td></tr><tr><td>८</td><td>वातावरण संरक्षण</td><td>9</td><td>4.5</td><td>0.0972</td></tr><tr><td>९</td><td>सहकार्य र समन्वय</td><td>6</td><td>0</td><td>0</td></tr><tr><td colspan="2">जम्मा</td><td>100</td><td>49.25</td><td>0.9079</td></tr></table> | |
| ८० | | | **बहुक्षेत्रीय पोषण**<br>बहुक्षेत्रीय पोषणः- बहुक्षेत्रीय पोषणको लागि रु ३२ लाख 82 हजार बजेट ब्यवस्था गरी कार्यक्रम संचालन गरेकोमा प्रगति विवरण प्राप्त नभएकोले समिक्षा गर्न सकिएन ।पोषणमा रु खर्च भएको छ । बहुपक्षीय पोषणमा खर्च देहाय बमोजिम छ । *रु हजारमा*<br><table><tr><td>सि.नं.</td><td>कृयाकलाप</td><td>बजेट</td><td>खर्च</td></tr><tr><td>१</td><td>शासकीय प्रवन्ध वडा र कार्यपालिका बैंठक</td><td>244</td><td>खुलेन</td></tr><tr><td>२</td><td>२ विद्यालयमा कक्षा (भिजा)</td><td>200</td><td>खुलेन</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>स्वास्थ्य पोषण ढुवानी otc सुदृढिकरण HCHV उत्प्रेरणा अनुगमन मुल्याङ्कन</td><td>300</td><td></td></tr>
<tr><td>४</td><td>कृषि वीउ वितरण प्लाष्टिकघर वेर्ना वितरण</td><td>100</td><td></td></tr>
<tr><td>५</td><td>पशुपंक्षी-चल्ला वितरण दाना खरिद तालिम र समूह गठन</td><td>300</td><td></td></tr>
<tr><td>६</td><td>महिला-घरेलु हिंसा र आमा स्याहार</td><td>100</td><td></td></tr>
<tr><td>7</td><td>खानेपानी र सरसफाई पोषण स्वयंसेवक चेतनामूलक अभिमुखिकरण खापा</td><td>1376</td><td></td></tr>
<tr><td>८</td><td>महिला सहकारी तालीम अनुदान</td><td>645</td><td></td></tr>
<tr><td>९</td><td>पोषण लेखाजोखा</td><td>67</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>3282</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>चल्ला विवतरण 150000 र खानेपानी र शौचालय विद्यालय 800000 सहकारीलाई रु 625000 समेत रु 1575000 कूल बाँडफाँड मध्ये 50% पूर्वाधार र सहकारीलाई वितरण गरेकोले प्रत्यक्ष पोषणमा खर्च हुने गरी बाँडफाँड गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>सम्पत्तिको समुचित उपयोग र संरक्षण<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम ४१ सम्पत्तिको समुचित उपयोग र संरक्षणको उचित ब्यवस्था गर्नुपर्ने ब्यवस्था छ । पालिकामा रहेको सम्सन मेशिन स्काभेटर ब्याक हु लोडर-2 नगरबस समेत ४ उपकरण सवारी साधन रहेकोमा सो बाट भएको आय र उक्त उपकरण परिचालन योजना र लगानी फिर्ता हुने अवधि सहितको चालक ईन्धन मर्मत र ह्रासकट्टि कोष समेत देखिने आय ब्यय विवरण तयार नगरेको र साथै सम्पत्तिको विवरण स्थानिय संचित कोषमा नदेखिँदा आय एकिन हुने अवस्था छैन । ब्याक हु लोडरबाट भएको आय रु 248930।— मात्र देखिँदा परिचालनको अवस्था देखिने लगसिट नराखेको र मासिक लगानी तेल इन्धन मर्मत साथै विमा र नविकरण आय ब्यय तुलना गरी अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>आयोजना संचालन स्थीती<br>पालिकाबाट प्राप्त आयोजना संचालन स्थीती देहाय बमोजिम पेश भएको छ । आयोजना प्राथमिकताको आधारमा सानो बनाउने भन्दा नतिजा आउने खालको हुनु पर्ने देखिन्छ।
<table>
<tr><th>सि नं</th><th>क्षेत्रगत आयोजना</th><th>स्वीकृत संख्या</th><th>संचालन संख्या</th><th>सम्पन्न संख्या</th></tr>
<tr><td>१</td><td>सडक निर्माण र पूर्नस्थापना</td><td>९</td><td>६</td><td>०</td></tr>
<tr><td>२</td><td>घोरेटो बाटो र पूर्नस्थापना</td><td>१०</td><td>५१</td><td>५१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>भवन (विद्यालय स्वास्थ्य चौकी)</td><td>३</td><td>३</td><td>२</td></tr>
<tr><td>४</td><td>खानेपानी आयोजना</td><td>१८</td><td>३६</td><td>३२</td></tr>
<tr><td>५</td><td>सिंचाई आयोजना</td><td>९</td><td>१८</td><td>१५</td></tr>
<tr><td>६</td><td>संस्थागत पूर्वाधार अनुदान</td><td>५</td><td>१९</td><td>१८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४</td><td>१३३</td><td>११८</td></tr>
</table>
माथीको तालिकामा पूर्वाधार संरचना तर्फ ५४ योजना स्वीकृत भएकोमा कार्यपालीकाको बैठकबाट १३३ योजना संचलन गरी ११८ योजना सम्पन्न गरेको देखिन्छ । सुरुमा कम योजना छान्ने तर थप १५० प्रतिशत योजना थप गरि संचालन गरेको देखिदा बजेट अनुशासनमा संकुचन भएको पाईयो । आयोजना थप गरी साना बनाउने कार्यलाई नियमन गरि अधुरा योजना समेत समयमा सम्पन्न गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>
गरिवको विच पालिका<br>
गरिवको विच पालिका: गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनसो सुनुवाई मार्गदर्शन ०७८ बमोजिम गुनासो विवरणमा यो नगरपालिकामा अति गरिब र गैर गरिब गरी जम्मा वडागत विवरण देहाय बमोजिम रहेकोमा अति र गैर गरिव लक्षित कार्यक्रम अलग देखिएन । लक्षित कार्यक्रम गरी गरिवी न्यूनिकरण गर्न जरुरी छ ।
<table>
<tr><th>वडा नं</th><th>अति गरिब परिवार</th><th>गैर गरिब परिवार</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>३</td><td>११</td><td>१४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>०</td><td>१४</td><td>१४</td></tr>
<tr><td>३</td><td>०</td><td>४</td><td>४</td></tr>
<tr><td>४</td><td>०</td><td>२</td><td>२</td></tr>
<tr><td>५</td><td>०</td><td>३</td><td>३</td></tr>
<tr><td>६</td><td>०</td><td>२६</td><td>२६</td></tr>
<tr><td>७</td><td>०</td><td>१८</td><td>१८</td></tr>
<tr><td>८</td><td>०</td><td>१४</td><td>१४</td></tr>
<tr><td>९</td><td>०</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>३</td><td>९२</td><td>९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>ढल निर्माण<br>महाकाली नगरपालिका वडा नं ४ पिपलचौतारा सार्वजनिक शौचालय प्रयोग नआएकोले सो स्थानमा ढल निर्माण गर्न रु ४९९०००।०० बाँडफाँड गरेको निर्णयबाट देखिन्छ । अनावश्यक स्थानमा उपयोग नहुने गरि सार्वजनिक शौचालय निर्माण गरि उपयोगमा नआउनु उचित भएन । यस प्रकारको शौचालयको तथ्यांक तथा अभिलेखमा लगानी सहितको देखिने अभिलेख राखी बनाउनेलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>ढुङ्गा गिट्टी<br>ढुङ्गा गिट्टी: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ च म नदिजन्य पदार्थ प्राकृतिक स्रोत करको दर र प्रकृया प्रदेशले निर्धारण गरी पालिकाले संकलन गर्ने व्यवस्था छ र पालिकाले ढुङ्गा गिट्टी बालुवा आय ठेक्का संकलन गर्न</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मिति मा सूचना प्रकाशन गरेकोमा देहाएको ठेक्का नलागेको भनी अमानत बाट समेत संकलन गरेको पाईएन । आय संकलन नहुँदा सेवा र विकास संकुचन भएको छ ।<br>ठेक्का सूचना स्थान प्याकेज न्यूनतम मूल्याङ्कन<br>मझुवा १ श्रीवगढ पुलघारसम्म १<br>भिवनगर देखी भिवनगर सम्म २<br>वीरेन्द्रवन खापाभवन देखी नमस्कार ३<br>किन्तडी देखि बेह सम्म ४</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>वितरणमूखी कार्य<br>वितरणमूखी कार्य : पालिको प्राथमिकता सामाजिक विकास शिक्षा स्वास्थ्य र आर्थीक विकास साथै पूर्वाधार हुनुपर्नेमा कार्यपालिकाको निर्णय बमोजिम वितरण र प्रचारमूखी योजना संचालन गर्नु उचित देखिएन ।
<table>
<tr><th>सि नं</th><th>कार्यक्रमको नाम</th><th>काम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>एकल महिला लाई उपप्रमूख मायाको चिनो कार्यक्रम</td><td>उद्यमशिल तालिम<br>५० वर्ष मुनि ७५००००।००<br>७० वर्ष मुनि ४५००००।००</td><td>१२०००००।००</td></tr>
<tr><td>२</td><td>जनतासँग नगरप्रमुख</td><td>उपहार वितरण ९६०००।००<br>लटिनाथ ग्रिल उद्योग १०००००।००</td><td>१४९६०००।००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>विशाल पोल्ट्रीफर्म<br>१०००००।००<br>वम पोल्ट्रीफर्म १०००००।००<br>महिला उद्यमी २००००।००<br>वाख्रापालन २ फर्मलाई<br>१०००००।००<br>थ्रेशर खरिद १८००००।००<br>विपी स्मृति भवन फर्निचर<br>३५००००।००<br>खरको छानामुक्त विपन्न परिवार<br>५०००००।००</td><td></td></tr>
<tr><td>३</td><td>महिलाकोलागि</td><td>तिज सास्कृतिक</td><td>२०००००।००</td></tr>
<tr><td>४</td><td>प्रवेशद्धार</td><td>रंगरोगन भित्ते लेखन</td><td>२०००००।००</td></tr>
<tr><td>५</td><td>कृकेट खेल</td><td>खेल कार्यक्रम</td><td>२०००००।००</td></tr>
<tr><td>६</td><td>जेष्ठ नागरीक सम्मान</td><td>सम्मान र कदर</td><td>१०००००।००</td></tr>
<tr><td>७</td><td>खेल</td><td>आवत जावत खेल टिम</td><td>१८६४००।००</td></tr>
<tr><td>८</td><td>संरक्षण तथा चेतना</td><td>कला संस्कृति</td><td>२०००००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>९</td><td>छात्रवृति</td><td>प्रेमदत्त भट्ट उच्चशिक्षा ईन्जिनियर</td><td>१०००००।००</td></tr><tr><td>१०</td><td>संरक्षण र चेतना</td><td>संस्कृति प्रसार र प्रर्वद्धन</td><td>३०००००।००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>३६८२४००।००</td></tr></table> | |
| ८७ | | | **VCVMC मतपेटीका**<br>कार्यपालिकाको मिति २०७८।१२।२२ को निर्णय नं ८ बमोजिम VCVMC मतपेटीका भण्डारण र गणना अनुगमन गर्न (मतगणना स्थल दृष्यावलोकन प्रणालीको प्रयोग) स्पेशिफिकेशन बमोजिम प्रणाली जडान प्रतिवद्धता गरी भुक्तानीको निर्णय गरेकोले निर्वाचन आयोगबाट भुक्तानीको अवस्था र अनुमति साथै एकिकृत खरिद एकिन हुन नसकीएको छ । | |
| ८८ | | | **विविध** | |
| ८८.१ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा.... मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार ब्यक्तिबाट यस्तो खर्च असुल उपर गर्न सकिने ब्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट ब्यवस्था भएको जिल्ला प्रहरी कार्यालय दार्चुलालाई गो भौ नं ४५२।२०७८।१२।०८ बाट सवारी साधन मर्मतको लागि सहयोग वापत रु३२२८०१।०० र जिल्ला ट्राफिक प्रहरी कार्यालय दार्चुलालाई मोटरसाइकल मर्मतको लागि रु १५१५०।००सहयोग गरेको देखिन्छ । कार्यालयको आफ्नो से १ झ २३४ नामक सवारी साधन विग्रिएर मर्मत गर्न नसकी थन्किरहेको अवस्थामा कार्यालयले अन्य भाडा शिर्षकबाट मासिक एक लाख भाडा भुक्तानी गर्ने गरी सवारीधनी कुमार कोट्टारे संग सम्झौता गरि सवारी भाडा दिँदै आईरहेको छ यसरी आफ्नो साधन थन्काएर कार्यालयले विनियोजित बजेट अन्य कार्यालयको प्रयोजनमा खर्च गर्ने कार्य नियमित नदेखिएको रु | ३३७,९५१ |
| ८८.२ | | | प्रदेश आर्थिक कार्यविधी ऐन २०७५ को दफा ३७ (३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले खेलकुद कार्यक्रम संचालन बापत अन्य सहायता शिर्षकबाट टिम क्याप्टेन भुपेन्द्र जोशीलाई ६३३५०।०० | १९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी गरेकोमा ४४३५०।०० को मात्र खेलकुद सामाग्री खरिद भएको विल पेश भएकोले बाँकी रकम असुल गर्नुपर्न रु | |
| ८८.३ | १४२ | २०७८-९-४ | आर्थिक बर्ष २०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% प्रतिशत अनुदानमा विउ वितरण गर्ने कार्यक्रममा हिउदे सिजनका लागि १ लाख र बर्षे सिजनका लागि २ लाख बजेट विनियोजन गरेकोमा गोश्वारा भौचर नम्बर १४२ मिति २०७८।०९।०४ बाट हिमालयन सिड्स एण्ड सप्लायर्सलाई विउ खरिद बापत ९७,५००।- भुक्तानी गरी कृषकहरुलाई वितरण गरिएकोमा सो को ५०% रकम बाट कृषकहरुबाट संकलन गर्नुपर्नेमा नगरेको हुँदा असुल गर्नुपर्ने रु | ४८,५०० |
| ८९ | | | **भूक्तानी बाँकी**<br>भूक्तानी बाँकी : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा कारोवारको लेखा प्रणाली राजश्व र खर्च शिर्षकको वर्गिकरणमा तोके बमोजिम हुने र भुक्तानी दिन बाँकी दायित्व र सम्पतीको दायित्व सिर्जना भएमा प्रासी भुक्तानी विवरणमा उल्लेख गर्नु पर्नेमा भुक्तानी बाँकी, पदाधिकारी भत्ता सुपरभाईजर र पदाधिकारी सुविधा र मसलन्द रु ११५४५००।०० समेत रु ५२०८१००।०० बजेट अभावको कारण योजना सम्पन्न नहुँदा खर्च हुन नसकेको कारण उल्लेख गरी हुन बाँकी कामको भुक्तानी दिन रु ४०५३६००।०० देखिन्छ । उक्त कामको बाकी दायित्व राख्नु उचित नदेखिएकोले ुसुधार हुनुपर्दछ । | |
| ९० | | | **रकमान्तर**<br>रकमान्तर: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ बमोजिम स्वीकृत वार्षिक बजेटको अधिनमा रही पूजीगत शिर्षकमा २५ प्रतिशत रकमान्तर गर्ने व्यवस्था छ । रकमान्तर भएको सुरु बजेट खर्च शिर्षकमा विनियोजन उल्लेख नगरी ६७ खर्च शिर्षकबाट रु ३२५४०००९।०० घटाई ६० खर्च रकम शिर्षकमा थप रु ३२५४०००९।०० मध्ये १६ प्रशासनिक चालु खर्च शिर्षकमा रु ६३३९९००।०० रकमान्तर गरी खर्च गरेको पाईयो । सुरु बजेट र पुजीँगत शिर्षकमा २५ प्रतिशत देखिने अभिलेख नभएकोले तुलना गर्न सकिएन । चालु प्रशासनिक शिर्षकमा रकमान्तर थप हुनु बजेट तथ्यमा आधारित नहुदाँ बजेट पुष्टाईको पालना गरेर रकमान्तर गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९१</td><td></td><td></td><td>आय संकलन<br>आय संकलनः- स्थानिय सरकार संचालन ऐन 2074 को परिच्छेद९ कानुन बमोजिमको कर उठाउने र ऋण लिन पाउने ब्यवस्था छ कर र ऋण लिन प्रतिनिधित्व हुनुपर्ने र प्रतिनिधित्व हुनेले कर बुझाएको हुनुपर्ने सद्धान्तिक मान्यता छ । पालिकाको काममा प्रतिनिधी र काम संग समबन्धित सबै सरोकारले कर बुझाएको अवस्था देखिएन । राजश्व अनुगमन गर्दा तथ्य तथ्याङ्कमा आधारित नुहने र उठाउनको लागि प्रचार प्रसार साथै उठ्नुपर्नेको अभिलेख अध्यावधिक नगरी ......लगायतको सुविधा दिएकोले आय संकलन भएको अवस्था छ। कर र सेवालाई संयोजन गरी सेवा ब्यवस्था हुनुपर्दछ । यो वडा वडाबाट संकलित राजश्व देहाय बमोजिम छ । वडागत आय शिर्षकगत लक्ष्य तोकी आयमूलक गरी घरघरमा सेवा दिन जरुरी छ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>संकलन अनुमान</th><th>संकलन रकम</th></tr>
<tr><td>१</td><td></td><td>342072</td></tr>
<tr><td>२</td><td></td><td>304155</td></tr>
<tr><td>३</td><td></td><td>259453</td></tr>
<tr><td>४</td><td></td><td>1104535</td></tr>
<tr><td>५</td><td></td><td>432912</td></tr>
<tr><td>६</td><td></td><td>120146</td></tr>
<tr><td>7</td><td></td><td>194915</td></tr>
<tr><td>८</td><td></td><td>295915</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td></td><td>258743</td></tr>
<tr><td>नयाँवाट</td><td></td><td>3175656</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>6504502/50</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>
सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि रु. ।– अनुरोधभई आएकोमा असुली र प्रमाणका आधारमा रु. ।- पछि जानकारी दिने गरी सम्परीक्षण गरिएको छ। अन्य बेरुजु फछ्र्यौट गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।
<table>
<tr><th>क्र.स.</th><th>दफा न.</th><th>बेरुजु व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>२०७५।७६ बेरुजु दफा ७१</td><td>पेश्की बाँकी<br>रेडियो कालापानी</td><td>५४३०।००</td><td>दाखिला गरेको प्रमाणको आधारमा</td><td>५४३०।००</td></tr>
<tr><td>२</td><td>२०७५।७६ बेरुजु दफा ४</td><td>विभिन्न ८ कोषको स्थापना एवम् संचालन गर्दा कानूनमा व्यवस्था गरेर हुनु पर्नेमा सभाले तोकेको रकम भन्दा बढी कोषमा जम्मा गरेको र नेपाल सरकार बाट विनियोजन भएको रकम विशेषकोषमा जम्मा गर्ने आधार पेश</td><td>१४६१८१०७।२२</td><td>कोषमा दाखिला भएको प्रमाणको आधारमा</td><td>१४६१८१०७।२२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्ने अन्यथा संचित कोषमा जम्मा गर्नु पर्ने | | | |
| ३ | २०७५।७६ बेरुजु दफा ५१ | निङलासेनी भगवती मन्दिर निर्माण समिति दत्तुलाई बढी भुक्तानी | ५७३३३२।०० | पालिकाको संचितकोषमा दाखिला गरेको प्रमाण पेश गरेको आधारमा | ५७३३३२।०० |
| ४. | २०७५।७६ बेरुजु दफा ५३ | कल्पा क्रियटिभ काठमाण्डौलाई भुक्तानी गर्दा कर विजक समावेश गरेको सक्कल कर विजक पेश गर्नु पर्ने | १०१४०००।०० | सक्कल विजक प्रमाण पेश गरेको आधारमा | १०१४०००।०० |
| ५ | २०७५।७६ बेरुजु दफा ५४.१ | पालीकाका ४९ जना पदाधिकारीहरुलाई पोशाक भत्ता वापत १०००० का दरले भुक्तान भएको रकम असुल गर्नु पर्ने | ४९००००।०० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | ४९००००।०० |
| ६ | २०७५।७६ बेरुजु दफा ५४.२ | नगर प्रमुख हंश राज भट्टलाई मासिक १५००० को दरले राशन भत्ता भुक्तानी दिएको रकम असुल गर्नु पर्ने | १८००००।०० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | १८००००।०० |
| ७ | २०७५।७६ बेरुजु दफा ५४.३ | नगर उप प्रमुख सुना बोहरालाई मासिक १५००० को दरले राशन भत्ता भुक्तानी दिएको रकम असुल गर्नु पर्ने | १८००००।०० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | १८००००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | २०७५।७६ बेरुजु दफा ५४.४ | र प्रमुखको भान्सेलाई मासिक ८००० को दरले भुक्तानी दिएको रकम असुल गर्नुपर्ने | ९६००० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | ९६०००।०० |
| ९ | २०७५।७६ बेरुजु दफा ५४.५ | नगर उप प्रमुखको भान्सेलाई मासिक ८००० को दरले भुक्तानी दिएको रकम असुल गर्नुपर्ने | ९६००० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | ९६०००।०० |
| १० | २०७५।७६ बेरुजु दफा ५४.६ | पदाधिकारी तथा कर्मचारीलाई प्रोत्साहन भत्ता वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने | ८६०१०५।०० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | ३७३५००।०० |
| ११ | २०७५।७६ बेरुजु दफा ५४.७ | वडा सदस्य विष्णुदत्त जोशीलाई औषधी उपचार वापत भुक्तान भएको रकम भुक्तानी दिने आधार पेश गर्ने | २००००।०० | असुल गरी दाखिला गरेको प्रमाणका आधारमा | २००००।०० |
| | | **जम्मा** | | **जम्मा** | **१७६४६३६९।००** |